# मधेश प्रदेशको उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैंसेपाटी, ललितपुर

# प्राक्कथन

नेपालको संविधानले नेपालको संरचना सङ्घ प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी गरेको व्यवस्थासँगै नेपालमा सङ्घीय शासन प्रणालीको अभ्यास भएको सात वर्ष अवधि पूरा भएको छ। सङ्घीय शासन प्रणालीमा तहगत सरकारहरूले संविधान र कानून बमोजिम सहकार्य समन्वय र सह-अस्तित्वको सिद्वान्तमा रहेर शासन, विकास र सेवा प्रवाहको कार्य गर्दछन्।

नेपालको सङ्घीय शासन प्रणालीलाई सबलीकरण गर्ने मुख्य उद्देश्यले अभिप्रेरित भई स्थापना भएको यस फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)ले सो उद्देश्य प्राप्तिका लागि आफ्नो अध्ययन, अनुसन्धान, बहस तथा पैरवीका क्रियाकलापलाई सङ्घीयता, लोकतन्त्र, अन्तरतहगत सम्बन्ध तथा समावेशी शासन प्रणालीका विषयवस्तुमा केन्द्रित गर्ने गरेको छ। यिनै सवालहरूमा यो संस्थाले पछिल्ला दिनमा सङ्घीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा), प्रमुख राजनीतिक दलहरू, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत विभिन्न सरोकारवाला पक्षहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरी सङ्घीयता सबलीकरणमा योगदान पुर्याइरहेको छ।

सङ्घीयता बलियो हुन यसको जग र आधार बलियो हुन जरुरी हुन्छ। नेपालको सङ्घीयताको जग र आधार भनेका प्रदेश र स्थानीय तह हुन्। ती संरचना बलियो बन्नका लागि संरचना कामकाजी हुनुपर्छ। यतिले मात्र पुग्दैन, गरेका कार्यको सम्बन्धमा जनतामा प्रचार-प्रसार समेत हुनुपर्ने हुन्छ। प्रदेश सरकार स्थापना भई सञ्चालनमा आएपश्चात् प्रदेश सरकारले आफ्ना विषयगत क्षेत्रमा हासिल गरेका उपलब्धिको सम्बन्धमा हालसम्म व्यवस्थित रुपमा अध्ययन हुन नसकेको पृष्ठभूमिमा हाल एफएलसीले यो संक्षिप्त अध्ययन विश्लेषण गरेको छ। यो प्रतिवेदनले मधेश प्रदेश सरकारको शासन र विकास यात्राको मुख्य उपलब्धिको संक्षेप विवरण, सुधारका क्षेत्रको पहिचान गरी केही सुझावहरु सिफारिस गरेको छ।

यस प्रतिवेदन लेखनमा अभिप्रेरित गर्नु हुने प्रदेशका मुख्यमन्त्री, पूर्वमुख्यमन्त्री, सभामुख, मन्त्री तथा कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। उहाँहरूको सहयोग र सल्लाह सुझावबिना यो अध्ययन सम्भव थिएन। तथ्य तथा तथ्याङ्क सङ्कलनमा संस्थाको मधेश प्रदेश समितिको भूमिका महत्त्वपूर्ण रहेको छ। तयार गरिएको मस्यौदाका विवरणहरू प्रदेश सरकारको तथ्याङ्कसँग रुजु गरी आवश्यक सुझाव प्रदान गर्ने श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशप्रति आभारी छौँ।

यस अध्ययन प्रतिवेदनका संयोजक डा. जयकान्त राउत विशेष धन्यवादका पात्र हुनुहुन्छ। यसैगरी, प्रतिवेदनलाई सम्पादन गरी पठनीय बनाउने संस्थाका बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साहलाई धन्यवाद व्यक्त गर्दछौँ। अनुसन्धानको अवधारणादेखि तयार पार्नसम्म सहयोग गर्नुभएका सबै सरोकारवाला, प्रदेशका पदाधिकारी, निकायहरू, र सहकर्मीहरूलाई पनि फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर हार्दिक आभार प्रकट गर्दछ। यस प्रतिवेदनमा तयारी तथा लेखन र सम्पादनमा संस्थाका पदाधिकारी सम्लग्न भए पनि तिनले संस्थाको औपचारिक धारणा प्रतिनिधित्व गर्दैनन्।

हामी आशा गर्छौं, यो अध्ययन मधेश प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि सहयोगी हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहुन भन्ने हाम्रो कामना छ।

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी)
भैंसेपाटी, ललितपुर
असार, २०८२

## विषय सूची


कार्यकारी सारांश ........ ४

१. परिचय ........ ६

१.१ पृष्ठभूमि ........ ६

१.२ अध्ययनको औचित्य तथा उद्देश्य ........ ८

१.३ अनुसन्धान विधि तथा सीमा ........ ८

२. प्रदेशको संस्थागत संरचना ........ ९

२.१ राजनीतिक संरचना ........ ९

२.२ प्रशासनिक संरचना ........ ९

२.३. नीतिगत तथा कानुनी संरचना ........ १०

३. विषयगत क्षेत्रको उपलब्धि ........ १०

३.१ आर्थिक क्षेत्र ........ १०

३.१.१ कृषि, पशुपंक्षी तथा सिँचाई ........ १०

३.१.२ वन ........ ११

३.१.३ उद्योग ........ १२

३.१.४ सहकारी ........ १२

३.२ सामाजिक क्षेत्र ........ १२

३.२.१ शिक्षा ........ १२

३.२.२ स्वास्थ्य ........ १३

३.२.३ खानेपानी ........ १३

३.२.४ महिला सशक्तिकरण ........ १३

३.२.५ रोजगारी ........ १३

३.२.६ गरिबी ........ १४

३.३ पूर्वाधार क्षेत्र ........ १४

३.३.१ ऊर्जा, जलविद्युत, वैकल्पिक ऊर्जा ........ १४

३.३.२ सडक ........ १४

३.३.३ पुल ........ १५

३.३.४ सूचना तथा सञ्चार ........ १५

३.३.५ अवास तथा बस्ती विकास ........ १५

४. सार्वजनिक वित्त व्यवस्थापन ........ १५

५. प्रदेश सभा ........ १७

६. तहगत अन्तरसम्बन्ध ........ १८

७. प्रमुख चुनौतिहरु ........ १९

७.१ प्रशासनिक चुनौति ........ १९

७.२ वितीय चुनौति ........ २०

७.३ राजनीतिक चुनौति ........ २०

८. निश्कर्ष र सुझाव ........ २०

८.१ निश्कर्ष ..... २०
८.२ सुझावहरु ..... २२
अनुसूची १: प्रदेशमा हालसम्म प्रमाणित भएका विधेयकहरु ..... २५
अनुसूची २: मधेश प्रदेश दोस्रो प्रदेश सभा(हाल)को सदस्यहरुको नामावली ..... २७

## कार्यकारी सारांश

केन्द्रीकृत एकात्मक राज्यलाई सङ्घीय शासन प्रणालीमा रुपान्तरण गर्नु मधेश आन्दोलनको प्रमुख देन हो। यो ऐतिहासिक रुपान्तरण पछि प्रदेशसभाको पहिलो कार्यकाल पूर्णरूपमा सङ्घीयता पक्षधर दल जनता समाजवादी पार्टी (जसपा)कै नेतृत्वमा मधेश प्रदेश सरकार सञ्चालन भयो । प्रदेशसभाको दोस्रो कार्यकाल पनि जसपाकै नेतृत्वमा गठन भयो र हाल जनमत पार्टीले नेतृत्व गर्दैछ । मधेश प्रदेशले सङ्घीयता कार्यान्वयनको सात वर्षको अवधिमा कानुनी, संस्थागत, आर्थिक तथा सामाजिक संरचनालाई विस्तार गर्दै सङ्घीय शासन व्यवस्थालाई मजबुत बनाउने प्रयास गर्दै आएको छ । प्रदेश एवम् स्थानीय तहका अधिकारक्षेत्र अनुकूल कार्यान्वयनको मार्गप्रशस्त गर्न प्रदेशले करिब ६२ ऐन जारी गरेको छ । प्रदेशले पहिलो पञ्चवर्षीय योजनाका उपलब्धिहरूको समीक्षा गरी परिकल्पनासहित दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्याएको छ ।

प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरषद्लगायत जम्मा १२ वटा मन्त्रालय, विभिन्न निर्देशनालय, आयोग, प्रतिष्ठान, लगायतका संस्थागत संरचना छन् । प्रदेशले प्रदेश निजामति सेवा ऐन, प्रदेश प्रहरी ऐन लगायतका ऐनहरुमा महिलाई सबै कलस्टरमा ५० प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । प्रदेश लोक सेवा आयोगले ३,००१ कर्मचारीको नियुक्ति सिफारिस गरेको छ । आर्थिक प्रशासन सुधार गर्न आयोजना बैंक प्रणाली सञ्चालनको कानुनी प्रारुप तयारी, बजेट कोडिङ, तथा आन्तरिक राजस्व परिचालन प्रवर्द्धन गरेको छ। आन्तरिक स्रोत सँगै राजस्व बाँडफाँट र अनुदान वापत सङ्घबाट प्राप्त स्रोतको परिचालनबाट प्रादेशिक प्राथमिकताका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा सामाजिक क्षेत्रमा लगानी गरेको छ । मधेश प्रदेशमा आ.व. २०८०/८१ सम्म २ लाख ७३  हजार ४ सय १०  हेक्टर क्षेत्रमा सिँचाई सेवा उपलब्ध छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल ग्राहस्थ उत्पादनमध्ये मधेश प्रदेशको योगदान १३.१६ प्रतिशत (रू ८ खर्ब ४ अर्ब १५ करोड ३० लाख) छ । प्रदेशले 'तराई मधेश समृद्धि कार्यक्रम' अन्तरगत २०८१ असारसम्म विपन्न दलित गरिब, मुसहर, चमार, मुस्लिम लगायतका समुदायमा २ हजार १ सय ७८ आवास निर्माण गरी हस्तान्तरण गरेको छ ।

मधेशले आफ्नो पहिचान पाएको छ, मधेशीको स्वाभिमान र आत्मगौरवमा वृद्धि भएको छ । मधेशीमाथि गरिने हेयपूर्ण व्यवहार र विभेदमा कमी आएको साथै मधेशी समुदायलाई दोस्रो दर्जाको नागरिकका रूपमा गरिने व्यवहारमा परिवर्तन आएको छ । प्रदेशलाई शासन एवं प्रशासनको दृष्टिले बलियो बनाउने र मधेश आन्दोलनको माँग सम्बोधन गर्ने गरी कानून एवं नीति बनाउने हुटहुटी मधेश प्रदेश सरकारमा छ । अन्य ६ वटा प्रदेशभन्दा मधेश प्रदेश सरकारको पहिलो कार्यकाल स्थिर देखियो । प्रदेश सरकारले बेटी बचाउ बेटी पढाउ, सुरक्षित बेटी अभियान, छोरी जिवन बिमा, विश्वविद्यालयहरुको स्थापना जस्ता प्रादेशिक पहिचानका कार्यक्रम र प्रदेश प्रहरी ऐन, प्रदेश अनुसन्धान ब्युरोसम्बन्धी ऐन, कर्मचारी समायोजन, प्रदेश निजामती सेवा ऐन, प्रदेश लोकसेवा र जनलोकपाल सहितका ऐन ल्याएर देशकै ध्यान आकर्षित गर्न सफल भएको हो । यसरी ऐतिहासिक रुपान्तरण पछि केन्द्रीय राजनीतिमा पनि मधेशीको प्रतिनिधित्व बढेको छ । मधेश प्रदेश सरकारको पहिलो कार्यकाल तुलनात्मक रुपमा स्थिर भए पनि दोस्रो कार्यकाल केन्द्रिय सताको अस्थिर खेल र आन्तरिक खिचातानीबाट प्रभावित भएको छ । सङ्घीयताका सुत्राधार मधेश केन्द्रित दलहरूबीच एकता र सहकार्यको अभाव, मधेशी समुदायहरूले संविधानमा आफूहरूको माग पूर्ण सम्बोधन नभएकोले संविधानप्रति असन्तुष्टि, उद्योग र रोजगारीको कमी, जातीय र वर्गीय विभेद, सङ्घीयता कार्यान्वयन भए पनि शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा अझै सर्वसुलभ हुन नसक्नु, चुस्त छिट्टोछरितो सार्वजनिक सेवा प्रवाह, सडक, बिजुली, खानेपानीजस्ता आधारभूत पूर्वाधारको विकासमा ढिलाइ, बाढी, सुख्खा लगायत प्राकृतिक विपद्को कमजोर व्यवस्थापन जस्ता मधेश प्रदेश सरकारका प्रमुख चुनौतिका कारण नेतृत्वकर्ता

दलहरूप्रति असन्तुष्टि बढे पनि एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाले लामो समयसम्म मधेशी नागरिकलाई गरेको विभेद, र तिरस्कारको गहिरो पीडाको कारण मधेशी समुदाय वर्तमान प्रणालीप्रति सकारात्मक र उत्साहित छन् ।

प्रदेश विकासमा केही चुनौतिहरू छन् । वित्तीय स्रोत परिचालनको सीमितता, विकास परियोजनाहरूको व्यवस्थापनमा कमजोरी, दक्ष जनशक्ति अभाव, अन्तरसरकारी समन्वयको अस्पष्टता तथा कानुनी र नीतिगत अप्ठ्यारा प्रमुख समस्या छन् । यी चुनौतिहरू समाधान गर्न स्रोत परिचालनमा चुस्तता, खर्च दक्षतामा अभिवृद्धि, प्रविधि-मैत्री प्रशासन, नीतिगत स्थायित्व एवम् नतिजा केन्द्रित योजनामा प्राथमिकता दिनुपर्छ ।

## १. परिचय

### १.१ पृष्ठभूमि[1]

मधेश क्षेत्रफलको आधारमा सबैभन्दा सानो प्रदेश हो। मधेश प्रदेशको क्षेत्रफल ९,६६१ वर्ग कि.मि. छ । यो प्रदेशले नेपालको कुल क्षेत्रफलको लगभग ६.५% ओगटेको छ । यस प्रदेशमा जिल्लाको सङ्ख्या पनि सबैभन्दा कम (८) वटा (सप्तरी, सिराहा, धनुषा, महोतरी, सर्लाही, रौतहट, बारा र पर्सा) छ । मधेश प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी कूल १३६ स्थानीय तह, र १,२७१ वडा छन्।

चित्र १ : मधेश प्रदेशको नक्सा




*स्रोत : मधेश प्रदेश सरकार*

तराई नेपालको सबैभन्दा उर्वर र उत्पादनशील क्षेत्र हो जहाँ कृषि प्रधान आर्थिक क्षेत्र छ। मुख्य कृषि उत्पादनहरू चामल, जुट, चिनी, तोरी, तम्बाकू, जडीबुटी र मसला हुन्। यहाँ अधिकांश कृषिमा आधारित उद्योग छन्। यसबाहेक यो क्षेत्र वन सम्पदामा सम्पन्न छ।

| तालिका १ : मधेश प्रदेशको विवरण | |
|---|---|
| **क्षेत्रफल** | ९,६६१ वर्ग कि.मी. (३,७३० वर्ग माइल) |
| **राजधानी** | जनकपुरधाम |
| **जनसङ्ख्या** | ६१,१४,६०० (महिला ४९.९% र पुरूष ५०.१%) |
| **वार्षिक जनसङ्ख्या वृद्धि दर** | १.१९ |
| **जनघनत्व** | ६३३/वर्ग कि.मी. |
| **कुल जिल्ला** | ८ (सप्तरी, सिराहा, धनुषा, महोतरी, सर्लाही, रौतहट, बारा र पर्सा) |
| **स्थानीय तह** | १३६ (७७ नगरपालिका र ५९ गाउँपालिका), र १,२७१ वडा |
| **प्रतिनिधिसभा निर्वाचन क्षेत्र** | ३२ |
| **प्रदेश सभा निर्वाचन क्षेत्र** | ६४ |
| **प्रदेश सभा सदस्य** | १०७ |
| **कुल घरपरिवार** | ११,५६,७१५ |
| **परिवारको औसत आकार** | ५.२९ |
| **लैंगिक अनुपात** | १००.५५ |
| **साक्षरता दर** | ६३.५ प्रतिशत (पुरुषको ७२.५% र महिलाको ५४.७%) |
| **मानव विकास सूचकाङ्क** | ०.५१९ |
| **प्रतिव्यक्ति आय** | ८७५ अमेरिकी डलर |
| **औसत आयु** | ७१.८ वर्ष (पुरुषको ६९.९ वर्ष र महिलाको ७३.२ वर्ष) |
| **गरिबी** | २१.६ प्रतिशत |
| **वन क्षेत्र** | २५.८० प्रतिशत |
| **बालविवाहको दर** | १९.९ प्रतिशत (पुरुषको ५.७% र महिलाको ३२.८%) छ। |
| **मातृभाषा** | ६१ मैथिली (४१.७%) र दोस्रोमा भोजपुरी (१८.८%) तथा तेस्रोमा बज्जिका (१८.४%), नेपाली मातृभाषी ५.८% |
| **धर्म** | ८४.२ % हिन्दु तथा १३.३% इस्लाम |

मधेश प्रदेश नेपालको माछा उत्पादनको मुख्य केन्द्र छ । यस प्रदेशको प्रमुख औद्योगिक केन्द्र विरगञ्ज-पथलैया करिडोर हो। यहाँ चिनी, चुरोट, साबुन, सिमेन्ट, छड आदि उद्योगहरू छन्। यस प्रदेशका राजविराज, लहान, सिराहा, जनकपुर, बर्दिवास, जलेश्वर, मलङ्गवा, गौर, वीरगञ्ज, निजगढ, चन्द्रनिगाहपुर आदि सहरी क्षेत्रहरूमा व्यापार, होटल व्यवसायहरू सञ्चालनमा छन्। वीरगञ्ज नेपालको सब भन्दा ठुलो व्यापारिक नाका हो। यो नाका नेपाल र भारतबीचको प्रमुख प्रवेशद्वार पनि हो। मधेश प्रदेशमा पर्सा राष्ट्रिय निकुञ्ज पर्छ। यस प्रदेशमा जानकी मन्दिर, सल्हेश, गढिमाई, छिन्नमसता, कङ्कालनी मन्दिर र विभिन्न ठाउँमा

[1] पृष्ठभूमि खण्ड राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१को आधारमा तयार गरिएको छ।

मस्जिदहरू रहेका छन्। यी धार्मिक तथा सांस्कृतिक धरोहरहरूले यस प्रदेशमा पर्यटन उद्योग विकासको बलियो सम्भावना बोकेको छ ।

२०७८ सालको जनगणना अनुसार यस प्रदेशको जनसङ्ख्या ६१,१४,६०० छ, जुन मुलुकको कुल जनसङ्ख्याको २०.९७ प्रतिशत अर्थात दोस्रो ठूलो जनसङ्ख्या भएको प्रदेश हो । प्रदेशको जनसङ्ख्यामध्ये ४९.९% महिला र ५०.१% पुरुष छन् । प्रदेशको लैङ्गिक अनुपात (प्रति १०० महिलामा) १००.५५ छ । प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर १.१९ प्रतिशत छ जुन सबै प्रदेशमध्ये मधेशकै सबैभन्दा बढी छ। प्रदेशको कुल प्रजनन् दर अन्य प्रदेशको तुलनामा धैरै (२.८५) छ । मधेश प्रदेशको औसत आयु ७१.८ वर्ष (पुरुषको ६९.९ वर्ष र महिलाको ७३.२ वर्ष) छ। प्रदेशमा ११,५६,७१५ परिवार बसोबास गर्दैछन् । प्रदेशमा एकल परिवार ५४.६ प्रतिशत र संयुक्त परिवार ४५.४ प्रतिशत छन् । प्रदेशको औसत परिवार आकार ५.२९ छ । यस प्रदेशको जनघनत्व ६३३ प्रति वर्ग कि.मि. छ।

कुल ११८ जातजाति बसोबास गर्ने यस प्रदेशमा सबैभन्दा धेरै यादव समुदायको १५.२% जनसङ्ख्या छ । दोस्रो बढी मुसलमान समुदायको जनसङ्ख्या १३.०% अर्थात् ७ लाख ९२,७७६ रहेको छ । तेस्रो बढी तेली समुदायको जनसङ्ख्या ३,२४,७०५ अर्थात् ५.३% र चौथोमा थारु समुदायको ३,०१,०३८ अर्थात् ४.९% छ । मधेश प्रदेशमा मधेशी दलितको जनसङ्ख्या १५.७ प्रतिशत छ । प्रदेशमा कुल ६१ ओटा मातृभाषा बोलिन्छ जसमा सबैभन्दा धेरै मैथिली (४१.७%) र दोस्रोमा भोजपुरी (१८.८%) तथा तेस्रोमा बज्जिका (१८.४%) छन् । नेपाली मातृभाषा हुने ५.८ प्रतिशत छन् । प्रदेशको जनसङ्ख्याको ८४.२ % हिन्दु तथा १३.३% इस्लाम धर्मावलम्बीहरू छन्।

मधेश प्रदेशको समग्र साक्षरता दर ६३.५ प्रतिशत छ । पुरुषको साक्षरता दर ७२.५ प्रतिशत र महिलाको साक्षरता दर ५४.७ प्रतिशत छ । मधेश प्रदेशको साक्षरता दर सबै प्रदेशभन्दा कम छ र राष्ट्रिय साक्षरता दरभन्दा पनि एकदमै कमजोर छ । ५देखि१७ वर्षका बालबालिकाको समग्र साक्षरता दर करिब ८६ प्रतिशत छ । प्रदेशमा बालविवाहको दर १९.९ प्रतिशत (पुरुषको ५.७% र महिलाको ३२.८%) छ । यस प्रदेशमा ५.८ प्रतिशत जनसङ्ख्या ग्रामिण, ७३.५ प्रतिशत जनसङ्ख्या अर्धशहरी र २०.६ प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्छन् ।

प्रदेशसभाको पहिलो कार्यकालमा २०७४ फागुन १६ गते, २०७५ श्रावन ९ गते र २०७८ माघ २३ गते गरी प्रदेश सरकार तीन पटक पुनर्गठन भएको थियो तर, माननीय लालबाबु राउत पुरै कार्यकाल मुख्यमन्त्री हुनु भयो । आम निर्वाचन २०७९ पछि जसपा नेपालका सरोजकुमार यादवले २०७९ पुष २९ देखि २०८१ जेठ २५ गतेसम्म मुख्यमन्त्री हुनु भयो । त्यसपछि २०८१ साल जेठ २५ गतेदेखि जनमत पार्टीका सतिश कुमार सिंहले १२ सदस्य मन्त्रीमण्डलसहित सरकारको नेतृत्व गरिरह्नु भएको छ । मधेश प्रदेश सरकारले ७ वर्षको अवधिमा सङ्घीयताको अभ्यास गर्दै पहिचान, सामाजिक न्याय र विकासका क्षेत्रमा सकारात्मक पाइला चालेको छ । महत्वपूर्ण तथा गौरवका योजनाहरु समयमै सम्पन्न गर्न सरकारको स्थायित्व अपरिहार्य हुने भएकोले पहिलो मधेश प्रदेश सरकार आफ्नो पाँच वर्षको पूरा कार्यकाल सफलतापूर्वक सम्पन्न गरी स्थायित्व प्रदान गर्दै देशमा ठूला पार्टीले नेतृत्व गर्दै आएका सङ्घ सरकार तथा अन्य ६ वटा प्रादेशिक सरकारसमेतको लागि उदाहरण बनेको थियो । तर, राजनीतिक अस्थिरता, आर्थिक निर्भरता र सामाजिक समस्याहरूको निराकरण हुन सकेको छैन । दीर्घकालीन सोच र समन्वयात्मक प्रयासबाट मात्र मधेश प्रदेशको समृद्ध भविष्य सुनिश्चित गर्न सकिन्छ । मधेश प्रदेश नेपालको संविधानको अनुसूची ४ अनुसार २०७२ असोज ३ मा अस्थायी नाम प्रदेश नम्बर २ राखेर स्थापना भएको थियो । २०७४ साल फागुन ३ गते प्रदेश सरकार गठन भएर २०७८ माघ ३ गते प्रदेशसभाले प्रदेशको नामाकरण मधेश प्रदेश र राजधानी जनकपुरधाम कायम गरेको हो ।

## १.२ अध्ययनको औचित्य तथा उद्देश्य

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीयताको मियो भनेकै प्रदेश हो । नेपालमा प्रदेश संरचना एक आवश्यकता मात्र नभएर देशको समावेशी विकास र स्थायित्वको लागि आधारभूत औजार हो। सङ्घीयताको अभ्याससँगै प्रदेश सरकारको उपस्थितिले तहगत समन्वय सहज भएको छ। संविधान तथा कानून वमोजिम प्राप्त अधिकारको दायरामा रहेर यस अवधिमा प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, कानूनी संरचना निर्माण, तहगत सम्बन्ध विकास लगायतका बहुआयमिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू गरेको छ। प्रविधिको विकास र विस्तार, सूचना व्यवस्थापन र प्राविधिक ज्ञानको प्रसारमा समेत प्रदेश सरकारको भूमिका अपरिहार्य छ। तर, यसको व्यवस्थित रूपमा अध्ययन र विश्लेषण भएको छैन।यो अध्ययनले यही सेरोफेरोमा मधेश प्रदेशमा केन्द्रित भएर सत्यतथ्य उजागर गर्ने प्रयास गरेको छ। प्रदेश सरकारका हालसम्मका कार्यबाट हासिल गरेका उपलब्धिको सम्बन्धमा उपलब्ध तथ्य र तथ्याङ्कहरूको आधारमा अध्ययन र विश्लेषण गर्न यो अनुसन्धानको कार्य महत्वपूर्ण छ।

प्रदेश सरकार सञ्चालनका विभिन्न स्तरमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्पहरू सुझाव प्रस्तुत गर्न तथा प्रदेश सरकारको सामुन्नेमा रहेका चुनौतिहरू समेत पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्नको लागि यो अध्ययन सहयोगी हुनेछ। यसका साथै मधेश प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि हालका दिनसम्मको यात्रा तय गर्दा हासिल गरेका उपलब्धि तथा अबका दिनमा रहेका चुनौतिका सम्बन्धमा जानकारी, तथ्य, तथ्याङ्कको उपलब्धता देखि लिएर सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि सन्दर्भ सामाग्री समेतका लागि प्रस्तुत अध्ययन प्रतिवेदन उपयोगी हुनेछ। यस किसिमको तथ्यपूर्ण अध्ययनको निष्कर्षका आधारमा आगामी दिनमा तीन तहका सरकारबीच प्रभावकारी समन्वय एवम् सुदृढ अन्तर-सम्बन्धका लागि विषय केन्द्रित बहस/पैरवी चलाउनसमेत सहज हुन्छ। यस अध्ययनले प्रदेशलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

## १.३ अनुसन्धान विधि तथा सीमा

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्य तथा तथ्याङ्कहरू द्वितीय स्रोतमा आधारित छन्। सङ्घीय अर्थ मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल राष्ट्र बैंक, महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन (मधेश प्रदेश), मधेश प्रदेश सरकारका विषयगत मन्त्रालयहरु लगायत अन्य सम्बन्धित निकायहरुबाट प्राप्त प्रतिवेदनहरु, खण्डिकृत तथ्याङ्कहरु, प्रगति प्रतिवेदनहरु र अन्य सूचना एवं विवरणलाई यस अध्ययनको मुख्य आधार हुन। प्रकाशन नभएका सूचनाहरूका लागि सम्बन्धित मन्त्रालयबाट सूचना माग गरी औपचारिक र प्रमाणित सूचनालाई प्रतिवेदनको अङ्ग बनाइएको छ।

कतिपय निकायहरुसँग सम्बन्धित तथ्याङ्कको अभिलेखीकरण अझै सङ्गठित तथा सु-व्यवस्थित नभएकोले केही तथ्याङ्कहरूमा समयगत र निकायगत एकरुपताको समस्या छ। प्रदेशको अधिकांश निकायबाट समयमै गुणस्तरीय, भरपर्दो र अद्यावधिक प्रयाप्त तथ्याङ्क उपलब्ध हुन सकेन। सबै निकायमा सूचनाहरू तयारी अवस्थामा नरहने स्थितिले प्राप्त सूचनाको आधिकारिकताको अभावमा प्रमाणित नभएका केही तथ्य/सूचनाहरूलाई यस प्रतिवेदनमा समावेश गर्न सक्ने स्थिति रहेन। र, छोटो समयभित्र यो प्रतिवेदन तयार गर्नु ठूलो चुनौति रहयो।

प्रस्तुत अध्ययन प्रतिवेदनले मधेश प्रदेश सरकारले आफ्नो स्थापनादेखि २०८१ चैत्र मसान्तसम्मको अवधिमा विषयगत क्षेत्रमा हासिल गरेका मुख्य मुख्य उपलब्धि र आउँदो दिनका लागि सतहमा देखिएका मुख्य-मुख्य व्यवधानहरू सम्मको जानकारी प्रदान गर्दछ। त्यसभन्दा बाहिर रहेर वा यसै विषयमा थप सुक्ष्म अध्ययन तथा विश्लेषण प्राप्त गर्ने प्रयोजनमा यो संक्षिप्त प्रतिवेदनले उपलब्ध गराउने जानकारी र सूचना अपर्याप्त हुनसक्छ।

## २. प्रदेशको संस्थागत संरचना

### २.१ राजनीतिक संरचना

नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम मधेश प्रदेशमा मुख्य दुई राजनीतिक संरचना छन् : एउटा प्रदेशसभा र अर्को प्रदेश सरकार (मन्त्रिपरिषद्) । प्रदेश सभामा ६४ जना प्रत्यक्ष निर्वाचित र ४३ जना समानुपातिक मार्फत् गरी कुल १०७ जना प्रदेश सांसदको सभा छ। सभाका ७ वटा विषयगत समिति छन्, भने १ प्रदेश सभा सचिवालय छ ।

प्रदेश सरकार अन्तर्गत १२ मन्त्रालय छन् । मन्त्रालयहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, अर्थ मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालय छन् ।

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा समेतका पदमा उपयुक्त उम्मेदवार छनौट तथा योग्यता प्रणालीलाई व्यवस्थित गर्न प्रदेश लोक सेवा आयोगको गठन भएको छ। प्रदेश लोकसेवा आयोगमा एक अध्यक्ष र दुई सदस्य गरी तीन जना छन् ।

प्रदेशको विकास योजना तथा नीति तर्जुमाको लागि सरकारलाई सल्लाह सुझाव दिन, प्रादेशिक योजना तर्जुमा गर्न तथा विनियोजनमा सहजीकरण गर्न स्थापित प्रदेश नीति तथा योजना आयोगमा मुख्यमन्त्री अध्यक्ष, उपाध्यक्ष एक जना, सदस्यहरू चार जना र एक जना सदस्य सचिव रहने व्यवस्था अनुरूप सोही बमोजिमका पदाधिकारी छन्।

मुख्यमन्त्रीको मुख्य कानूनी सल्लाहकारको रूपमा मुख्य न्यायाधिवक्ता रहने र निजको कार्य र भूमिकालाई व्यवस्थित गर्न मुख्य न्यायधिवक्ताको कार्यालय स्थापना र सञ्चालन गरेको छ ।

### २.२ प्रशासनिक संरचना

राजनीतिक संरचना सङ्गसङ्गै प्रशासनिक संरचना छ । नेपाल सरकारले तोकेको प्रमुख सचिव नेतृत्वको प्रदेश सरकारको कर्मचारी संयन्त्रमा नेपाल सरकारले नै खटाएका सहसचिव स्तरको कर्मचारी प्रदेश मन्त्रालयको सचिव भई कार्य गर्ने व्यवस्था गरिएको छ।

प्रदेश सरकारको प्रशासनिक संरचनामा सबै प्रकारका कार्यालयहरू गरी कुल १४९ वटा कार्यालयलयहरू छन् । प्रमुख सचिव र प्रदेश सचिव वाहेकका अन्य अधिकृतस्तर तथा सहायकस्तरका पदहरू प्रदेश निजामती सेवाकै पदहरू रहने व्यवस्था छ । महालेखापरीक्षकको ६१औ वार्षिक प्रतिवेदन (२०८१) अनुसार मधेश प्रदेश अन्तर्गत मन्त्रालय, सचिवालय, आयोग र कार्यालयहरू गरी सबै सरकारी निकायहरूमा कुल ४,११९ स्वीकृत दरवन्दी छ ।

स्वीकृत दरवन्दीमध्ये ३,००१ पदपुर्ति भएको छ भने १,११८ दरबन्दी रिक्त छन्। मधेश प्रदेश लोकसेवा आयोगले आर्थिक वर्ष २०८१/८२ तर्फ असार मसान्तसम्ममा कुल २९५ जनाको विज्ञापन गरेको थियो। र, अघिल्लो वर्ष सिफारिस हुन बाँकी रहेको ३ जना समेत २९८ जना कर्मचारी नियुक्तिका लागि सिफारिस गरेको थियो।

प्रदेशले प्राविधिक कर्मचारीको क्षमता विकासका लागि स्वास्थ्य तालिम केन्द्र, शिक्षा तालिम केन्द्र जस्ता प्रशिक्षण केन्द्र सञ्चालन गरेको छ। प्रदेश र स्थानीय सेवाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता विकासका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान स्थापना गरी सञ्चालन गरेको छ।

प्रदेशले प्रदेश जनलोकपाल आयोग, प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान , मधेश विश्वविद्यालय, मधेश कृषि विश्वविद्यालय, मधेश शहिद प्रतिष्ठान, मधेश प्रज्ञा प्रतिष्ठान, उद्योग विभागजस्ता महत्वपूर्ण प्रादेशिक संस्थाहरुको स्थापना गरेको छ।

### २.३. नीतिगत तथा कानुनी संरचना

प्रदेशले दोस्रो आवधिक योजना २०८१/८२- २०८५/८६ कार्यान्वयन गर्दै छ। प्रदेश स्थापना भएदेखि मधेश प्रदेश सरकारले विकास सुशासन र लोकतन्त्रको सुदृढीकरणको लागि संविधानको अनुसुची ६ मा समावेश भएका २१ वटा अधिकारहरुमध्ये प्रदेश सभाको पहिलो र दोश्रो कार्यकालमा ६२ वटा विद्येयक तयार गरी ऐन बनाएको छ । गरी २०८२ असार ३१ गतेसम्ममा जम्मा ६२ वटा ऐन बनाएको छ। मधेश प्रदेशसभाले पहिलो कार्यकालमा मात्रै ५७ वटा विधेयकहरू पारित गरेको थियो। मधेश प्रदेशमा समुदायगत हिसाबमा सबैभन्दा ठूलो जातीय समुदाय दलित छ। मधेश प्रदेशले सङ्घीयता कार्यान्वयन गर्न र प्रदेशलाई सबल बनाउन प्रदेश प्रहरी ऐन, प्रदेश निजामति ऐन, प्रदेश नीति तथा योजना आयोग ऐन, जनलोकपाल ऐन, लोकसेवा आयोग ऐन जस्ता शक्तिशाली ऐन बनाएको छ ।

ऐतिहासिक रूपमा पिछडिएको र पछाडि पारिएको दलित समुदायको सवाललाई सम्बोधन गर्न प्रदेशले २०७६ सालमा दलित सशक्तिकरण ऐन पारित गरेको छ। सो ऐन बमोजिम मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय दलित अनुगमन समिति तथा खेलकुद तथा समाज कल्याण मन्त्रीको अध्यक्षता र दलित समुदायबाट उपाध्यक्ष रहने गरी दलित विकास समितिको गठन गरेको छ। मधेश प्रदेशले बालबालिकाको हक हित तथा संरक्षणको लागि बालिका संरक्षण ऐन र बालअधिकार ऐन समेत पारित गरेको छ।

## ३. विषयगत क्षेत्रको उपलब्धि

## ३.१ आर्थिक क्षेत्र

### ३.१.१ कृषि, पशुपंक्षी तथा सिँचाई

मधेश प्रदेशमा कृषि क्षेत्र आर्थिक पक्षको मेरुदण्ड हो। कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.१९% छ। प्रदेश सरकारले कृषि क्षेत्रको महत्त्वलाई विकास र शिक्षासँग प्रत्यक्ष जोडेको छ। यसको लागि प्रदेशले कृषि विश्वविद्यालयको स्थापना गरेको छ। कृषि तथा पशुपंक्षी विकास सँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रदेशमा सबैभन्दा बढी खाद्य तथा अन्य बाली उत्पादन हुन्छ। तरकारी तथा फलफुल खेती मधेश प्रदेशको कुल कृषि क्षेत्रफलको करिब २१ प्रतिशत क्षेत्रफलमा उत्पादन हुन्छ। मसलाको खेती मधेशमा तुलनात्मक कम हुन्छ। पछिल्लो समयमा

तालिका २ : प्रदेशको कृषि बाली र क्षेत्रफल (प्रतिशतमा)

| कृषि बाली | क्षेत्रफल |
|---|---|
| खाद्य तथा अन्य बाली | ७२% |
| तरकारी तथा बागबानी फलफुल | २१% |
| मसला | ६% |

फलफुलको उत्पादनमा पर्याप्त वृद्धि भएको छ। प्रदेशले किसान कार्ड वितरण, किसानलाई विदेश भ्रमण, महिला कृषि स्वयंसेविका, कृषिमा आत्मनिर्भरताका लागि १० वर्षे गुरुयोजना निर्माण, प्रशोधन भण्डारण निर्माण, माटो परीक्षणको लागि प्रयोगशाला निर्माण, कृषि विद्युतिकरण, निशुल्क कृषिमिटर, एक पालिका एक कृषि उत्कृष्टता केन्द्र, घुम्ती कृत्रिम गर्भाधान, कृषि सडक निर्माण जस्ता कार्यक्रमहरु अघि बढाइएको छ। तर आर्थिक वर्ष २०७९/८० को तुलनामा आर्थिक वर्ष २०८०/८१मा प्रदेशको समग्र कृषि बालीको कुल उत्पादनमा ०.३१ प्रतिशतले कमि आएको थियो।[२]

प्रदेशले कृषिसँगै पशुपंक्षी क्षेत्रमा पनि उपलब्धी हासिल गरेको छ। आर्थिक वर्ष २०७९/८० मा यस प्रदेशमा दुधको उत्पादनमा १.९३ प्रतिशतले वृद्धि भएको थियो। मासुको उत्पादनमा २.४६ प्रतिशत, अण्डा उत्पादनमा २.८५ प्रतिशत, ऊन उत्पादनमा १ प्रतिशत र माछा उत्पादनमा ५.०४ प्रतिशतले वृद्धि भएको थियो। तर, छाला उत्पादनमा १.९० प्रतिशतले कमि आएको थियो। पशुपंक्षी जन्य उत्पादनलाई जिल्लागत रूपमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८०/८१ मा कुल दुध उत्पादनमध्ये सिरहा जिल्लामा सबैभन्दा बढी २०.४४ प्रतिशत थियो भने सबैभन्दा कम धनुषा जिल्लामा ६.५६ प्रतिशत थियो। मासु उत्पादनमध्ये पर्सा जिल्लामा सबैभन्दा बढी र धनुषा जिल्लामा सबैभन्दा कम थियो। र अण्डा उत्पादन सबैभन्दा बढी ३३.६० प्रतिशत सप्तरी जिल्लामा भएको थियो भने सबैभन्दा कम धनुषा जिल्लामा २.६३ प्रतिशत थियो। त्यस आर्थिक वर्षमा पशुपंक्षी जन्य उत्पादन सबभन्दा कम धनुषामा भएको थियो।[३]

मधेश प्रदेशमा आ.व. २०८०/८१ सम्म २ लाख ७३ हजार ४ सय १० हेक्टर क्षेत्रमा सिँचाई सेवा उपलब्ध छ। आर्थिक वर्ष २०७९/८० सम्म मधेश प्रदेशमा कुल कृषि क्षेत्रको अनुपातमा सिँचाई क्षेत्र ५१.०९% थियो। र, आर्थिक वर्ष २०८०/८१ मा वृद्धि भएर सो अनुपात ५८.५२ प्रतिशतमा पुगेको थियो। प्रदेशमा सिँचित क्षेत्रफल क्रमश वृद्धि हुँदै गएको छ। प्रदेशले सिँचाईमा लगानी किसानको खुशियाली नाराका साथ सिँचाई कार्यक्रमलाई अघि बढाइएको छ।

### ३.१.२ वन

मधेश प्रदेशको कुल क्षेत्रफलको २५.८०% वन क्षेत्र छ। २०८१ साल असारसम्म वन क्षेत्रले २ लाख ३७ हजार ६ सय ३६ हेक्टर र झाडी-बुट्यान क्षेत्रले ११ हजार ६ सय २४ हेक्टर भूभाग ओगटेको छ। नेपालको कुल वन बुट्यानले ढाकेको क्षेत्रको आधारमा मधेश प्रदेशमा ३.७२ प्रतिशत वन बुट्यानको क्षेत्रफल छ। प्रदेशको १३६ पालिकामध्ये ४७ पालिकाहरूमा वन क्षेत्र छन्।

यस प्रदेशमा सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, चक्ला वन, वन संरक्षण क्षेत्र, वन अतिक्रमण क्षेत्र, निजी वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण क्षेत्र र सार्वजानिक कृषि वन गरी १ हजार ७ सय ४३ वटा छन्। ती क्षेत्रले ३ लाख ६७ हजार ४ सय ५५ हेक्टर क्षेत्रफल समेटेको छ। प्रदेशले वन विकास, चुरे संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तनका असर कम गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रम लागू गरेको छ। मधेश प्रदेश हरित प्रदेश कार्यक्रमलाई निरन्तरता दिन प्रदेश सरकारले 'वन म्यान वन ट्रि' कार्यक्रम, इकोपार्क निर्माण, एक करोड वृक्षारोपन जस्ता कार्यक्रम अघि बढाइएको छ।

---

[२] मधेश प्रदेशको आर्थिक सर्वेक्षण, २०८१

[३] पूर्ववत्

### ३.१.३ उद्योग

मधेश प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि (उत्पादन) ३.८६ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०८०/८१ को उत्पादन १.३५ प्रतिशतले ऋणात्मक थियो। सो आर्थिक वर्ष कुल ग्राहस्थ्य उत्पादनमा उद्योगको योगदान ५.२९ प्रतिशत अनुमान थियो। र, आर्थिक वर्ष २०८१/८२ मा ५.३५ प्रतिशत अनुमान थियो। मधेश प्रदेशमा विगत पाँच वर्षमा नेपालमा दर्ता भएका १,५५० उद्योगमध्ये १५३ वटा थप भएका छन्। प्रदेशमा आर्थिक वर्ष २०७९/८० मा नेपालमा दर्ता भएको कुल उद्योगको करिब ११% अर्थात् ३६ वटा नयाँ उद्योग थपिएका छन्। यसबाट सो आर्थिक वर्षमा प्रदेशमा १ अर्ब ५७ करोड रुपैयाँ लगानी भएको छ।

### ३.१.४ सहकारी

मधेश प्रदेशमा १३६ वटा स्थानीय तहमा उत्पादक, उपभोक्ता , वित्तीय, बहुउद्देशीय र सेवा क्षेत्र गरी कुल सहकारी सङ्ख्या ८ सय १९ वटा संस्था कार्यरत छ। कुल सदस्य संख्या ९९ हजार ८ सय ४६ छ। मधेश प्रदेशमा सहकारी संस्थाको कुल सेयर पूँजी करिब १ अर्ब ७१ करोड ५९ लाख छ। यस प्रदेशमा बचत दायित्व १५ अर्ब २४ करोड ५१ लाख छ। जसबाट कुल लगानी करिब १६ अर्ब गरिएको छ। मधेश प्रदेशमा सबैभन्दा बढी २०७ वटा सहकारी सर्लाही जिल्लामा र सबैभन्दा कम ४० वटा महोत्तरी जिल्लामा छन्। यस प्रदेशमा समस्याग्रस्त सहकारी संस्था खासै छैन। प्रदेश नियमन भित्रका सहकारीमध्ये 'सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली' मा ५६४ वटा सहकारी छन्। यसमा करिब १०,८४३ जनाले प्रत्यक्ष रोजगारी पाएका छन्।

## ३.२ सामाजिक क्षेत्र

### ३.२.१ शिक्षा

शैक्षिक सत्र २०८१ मा देशभरका ३६ हजार ३२ विद्यालयमध्ये १३.६३ प्रतिशत अर्थात ४ हजार ९ सय १३ विद्यालय मधेश प्रदेशमा छन्। यस प्रदेशमा रहेका कुल विद्यालयमध्ये ७१ प्रतिशत सामुदायिक र २९ प्रतिशत संस्थागत विद्यालय छन्। शैक्षिक वर्ष २०८१मा नेपालमा कक्षा १ देखि १२ सम्म कुल ७० लाख ११ हजार विद्यार्थी नेपालमा अध्ययनरत थिए। जसमध्ये १६ लाख २९ हजार अर्थात २३ प्रतिशत विद्यार्थीहरू यस प्रदेशमा अध्ययनरत छन्। मधेश प्रदेशमा अध्ययनरत विद्यार्थीमध्ये ५२ प्रतिशत छात्र र ४८ प्रतिशत छात्रा छन्। विद्यार्थीहरू मधेश प्रदेदेशको सामुदायिक विद्यालयमा कार्यरत कुल शिक्षकमध्ये ११ प्रतिशत यस प्रदेशमा छन्। मधेशमा अस्थायी र राहत शिक्षकभन्दा स्थायी शिक्षकको सङ्ख्या बढी छ।

**तालिका ३ : प्रदेशमा कार्यरत शिक्षकको किसिम**

| शिक्षकको किसिम | प्रतिशत |
|---|---|
| स्थायी | ५७ |
| अस्थायी | १७ |
| राहत | २६ |

स्रोत : मधेश प्रदेशको आर्थिक सर्वेक्षण, २०८१

प्रदेशमा पछिल्लो समय विद्यालय व्यवस्थापन नेतृत्व लगानी र गुणस्तरमा वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ। नेपालमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या रहेको १५ सामुदायिक विद्यालयमा तीन सामुदायिक विद्यालयहरू मधेश प्रदेशमा छन्। प्रदेशले एक सय समुदायिक विद्यालयलाई पूर्ण छात्रामैत्री सामुदायिक विद्यालय निर्माण गरेको छ। मधेश प्रदेशमा शिक्षा क्षेत्रमा केही सकारात्मक प्रगति भए पनि अझै थुप्रै चुनौतिहरू विद्यमान छन्। शैक्षिक गुणस्तर सुधार, शिक्षक व्यवस्थापनमा सुधार, संरचनात्मक एकरूपता, र राजनीतिक हस्तक्षेपको न्यूनिकरणमार्फत मात्र शिक्षा क्षेत्रको समग्र विकास सम्भव छ।

यसका लागि प्रदेश सरकार, स्थानीय तह, विद्यालय प्रशासन, शिक्षक, अभिभावक, र समुदायबीचको समन्वय र सहकार्य आवश्यक छ।

### ३.२.२ स्वास्थ्य

स्वास्थ्य निर्देशनालयको वार्षिक प्रतिवेदन २०८०/८१ अनुसार मधेश प्रदेशमा २१ वटा अस्पताल, ३३ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७३८ वटा स्वास्थ्य चौकी, ३५ वटा शहरी स्वास्थ्य केन्द्र, १८ वटा सामुदायिक स्वास्थ्य इकाई, ३७० वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ वटा जनस्वास्थ्य प्रयोगशाला ३ मातृ तथा नवजात शिशु स्वास्थ्य क्लिनिक र २१३ वटा निजी स्वास्थ्य संस्थाहरू मधेश प्रदेशमा सञ्चालित छन्।

वार्षिक प्रतिवेदन राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल प्रजनन दर १.९ छ। मधेश प्रदेशमा कुल प्रजनन दर राष्ट्रिय औसतभन्दा बढी २.७ छ। आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशमा प्रशिक्षित प्रसुतिकर्मीबाट सुत्केरी हुने महिलाको दर ६६.८% थियो। ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर प्रति हजार जीवित जन्ममा ४३ थियो। मधेश प्रदेशमा पूर्ण रुपमा खोप लगाउने बालबालिका ९२% छन्।

### ३.२.३ खानेपानी

खानेपानीको मुख्य स्रोतको रूपमा ट्युबवेल र पाइप प्रणाली रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशका कुल ११ लाख ५६ हजार ७ सय १५ परिवारमध्ये ७१.८ प्रतिशत परिवारले मुख्यरूपमा ट्युबवेल/हाते पम्पबाट, २२.६ प्रतिशतले धारा/पाइपबाट, १.२ प्रतिशतले मूल धाराबाट, ०.७ प्रतिशतले ढाकिएको इनार/कुवाबाट र ०.२ प्रतिशतले जार/बोतलबाट खानेपानी प्रयग गर्ने गरेका छन्।

### ३.२.४ महिला सशक्तिकरण

महिला सशक्तिकरणको लागि प्रदेशले धैरै सकारात्मक पहल गरेको छ। प्रदेशले प्रदेश निजामति सेवा ऐन, प्रदेश प्रहरी ऐन लगायतका ऐनहरुमा महिलाई सबै कलस्टरमा ५० प्रतिशत आरक्षणको व्यवस्था गरेको छ। घर र जग्गाजमिनमा महिलाको पँहुच विगतमा भन्दा विस्तारै वृद्धि हुँदै गएको छ। आफ्नो नाममा घरको स्वामित्व भएका महिलाको सङ्ख्या २.३ प्रतिशत थियो भने जग्गा मात्र आफ्नो नाममा हुने महिलाको प्रतिशत १०.७८ पुगेको छ। लैङ्गिक उत्तरदायी बजेट अन्तर्गत महिलालाई ५०% वा सोभन्दा बढी प्रत्यक्ष लाभ पुग्ने क्रियाकलाप अनुसारको बजेटको हिस्सा अभिवृद्धि गरेको छ। यो हिस्सा आर्थिक वर्ष २०७९ /८० मा ५२.०९% बाट आर्थिक वर्ष २०८०/८१ मा ७८.५% पुगेको थियो।

### ३.२.५ रोजगारी

२०७४ फागुन ३ मा गठन भएको प्रदेश सरकारले आफ्ना पहिलो वैठकमा मधेश आन्दोलनमा ज्यान गुमाएका शहिद परिवारलाई रोजगारी र घाइतेलाई राहत दिने निर्णय गरेको थियो। सोही अनुरुप मधेश प्रदेश सरकारले अहिले सम्म करिव तीन दर्जन शहिद परिवारका प्रदेश मातहतका कार्यालयहरुमा नियुक्ति दिएको छ। प्रदेशमा २०८० फागुनसम्म ७०१ रोजगारदाता प्रतिष्ठानका २२,६३५ श्रमिक योगदानकर्ता सामाजिक सुरक्षामा सूचीकृत भएका छन् आर्थिक वर्ष २०८०/८१ को समीक्षा अवधिमा ६६ रोजगारदाता प्रतिष्ठान र २,१८६ श्रमिक योगदानकर्ताहरू कोषमा आबद्ध भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशका १३६ पालिकामध्ये १२५ वटा स्थानीय तहहरूले

बेरोजगारहरूको सूचीकरण गरेका थिए । १२२ वटा पालिकाहरूले मधेश आयोजना कार्यान्वयन गरेको थियो । आर्थिक वर्ष २०७९/८० र २०७८/७९मा सो आयोजना कार्यान्वयन गर्ने पालिकाको सङ्ख्या १११ थियो ।

नेपालमा सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने व्यक्तिको सङ्ख्या मधेशको छ । आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशका १ लाख ४ हजार ६ सय जनाले नयाँ श्रम स्वीकृति लिएका थिए । आर्थिक वर्ष २०८०/८१ मा १ लाख ४ हजार ६ सय जनाले नयाँ श्रम स्वीकृति लिएका थिए । अघिल्लो आर्थिक वर्षको तुलनामा थोरै कमि आएको थियो । आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशका धनुषा जिल्लाबाट सबैभन्दा बढी २० प्रतिशतले श्रम स्वीकृति लिएका थिए भने सबैभन्दा कम पर्सा जिल्लाबाट ५ प्रतिशतले श्रम स्वीकृति लिएका थिए ।[४]

### ३.२.६ गरिबी

सङ्घीय सरकारले अवलम्बन गरेको नीतिगत व्यवस्था बमोजिम राष्ट्रिय लक्ष्य अनुरुप मधेश प्रदेश सरकारले गरिबी निवारण लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । प्रदेशले 'तराई मधेश समृद्धि कार्यक्रम' अन्तरगत २०८१ असारसम्म विपन्न दलित गरिब, मुसहर, चमार, मुस्लिम लगायतका समुदायमा २ हजार १ सय ७८ आवास निर्माण गरी हस्तान्तरण गरेको छ । सङ्घीयता कार्यान्वयन पश्चात मधेश प्रदेश सरकारले प्रथम आवधिक योजना आ.व. २०७६/७७–०८०/८१ अवधिको शुरुवाती अवस्थामा प्रदेशको बहुआयामिक गरिबी दर ६७.९ प्रतिशत बाट सुधार आई २४.२ प्रतिशत रहेको छ ।

## ३.३ पूर्वाधार क्षेत्र

### ३.३.१ ऊर्जा, जलविद्युत, वैकल्पिक ऊर्जा

जलविद्युत आ.व. २०७७/७८मा केही उत्पादन शुरु भएर २०८०/८१ सम्ममा ३५ मेगावाट पुगेको छ । प्रदेशगतरुपमा यो कर्णाली प्रदेश भन्दा बढी हो । राष्ट्रिय प्रसारण ग्रिडबाट यस प्रदेशको घरपरिवारमा विद्युतको पहुँच २०७६/७७बाट निरन्तर बृद्धि भई आ.व. २०७९/८०मा शत प्रतिशत पुगेको छ । विद्युत पहुँचमा अन्य सबै प्रदेशहरुभन्दा अगाडी रहेको छ ।

### ३.३.२ सडक

मधेश प्रदेशमा सङ्घीय राजमार्ग १,०२४ किलोमिटर समेत गरी ६,६४६ किलोमिटर सडक छ । जसमध्ये सङ्घीय समेत गरी १,२९८ किलोमिटर पक्की, ग्राभेल २९०४ किलोमिटर र कच्ची २,४४३ किलोमिटर रहेको छ । यस प्रदेशमा प्रादेशिक सडक ३,३९४ किलोमिटर र प्रादेशिक लोकमार्ग २,२३८ किलोमिटर रहेको छ । सडकको घनत्व प्रति १०० वर्ग किलोमिटर ६८.८९ किलोमिटर रहेको छ । प्रदेश सभाका ६४ वटा निर्वाचन क्षेत्रमा कम्तिमा पाँच किलोमिटर दरले जम्मा ३२० किलोमिटर पक्की सडक निर्माण गर्ने कार्य चालु रहेको छ ।

**तालिका ४ : प्रदेश सरकारबाट सडक निर्माण सम्पन्न (कि.मि.)**

| मर्मत | ग्राभेल | कच्ची | ढलान | कालोपत्रे | नाला |
|---|---|---|---|---|---|
| १४.५ | १०६१.७ | ६८.८३ | १९२.९ | ११५.५ | २३.१७ |

**स्रोत : आर्थिक सर्वेक्षण २०८१/८२**

आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार प्रदेश सरकारले निर्माण गरेको जम्मा सडक १ हजार ४ सय ७७ किलोमिटर हो । प्रदेश सरकारले सबैभन्दा बढी ग्राभेल सडक १ हजार ६२ किलोमिटर निर्माण गरेको छ । प्रदेशले ढलान र कालोपत्रे गरी ३ सय ९ किलोमिटर पक्की सडक निर्माण गरेको छ ।

---

[४] पूर्ववत् ।

### ३.३.३ पुल

प्रदेश सरकारले प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम अन्तर्गत आठ वटै जिल्लाका सडक स्तरोन्नति वृहत तथा नियमित मर्मत सम्भार गर्दै आएको छ। आर्थिक वर्ष २०७९/ ८० सम्म प्रदेश सरकारले ४३ वटा सडक पुल निर्माण गरेको छ। प्रदेशले १३ वटा झोलुङ्गे पुल निर्माण गरेको छ। प्रदेशम प्रदेश र स्थानीय तहबाट निर्माण भएका जम्मा २०१ वटा झोलुङ्गे छन्।

आर्थिक प्रतिवेदन २०८१/८२को तथ्याङ्क अनुसार मधेश प्रदेशले मोटरेवल पुल ५ वटा र कलभर्ट ८२ वटा निर्माण गरेको छ।

### ३.३.४ सूचना तथा सञ्चार

मधेश प्रदेशमा १४३ वटा दैनिक ५०५ साप्ताहिक ४५ पाक्षिक १९ मासिक प्रकाशन दर्ता भएका छन्। यी प्रकाशनहरू प्रदेशमा समाचार सम्प्रेषण तथा सञ्चारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। प्रदेशमा कुल परिवार सङ्ख्याको ७४.७८% परिवारले मोबाइल र ६६.८५% ले स्मार्ट फोन प्रयोग गर्दै आएका छन्। प्रदेशमा मोबाइल र इन्टरनेट प्रयोगमा परिवारको पहुँच उच्च छ।

### ३.३.५ अवास तथा बस्ती विकास

तालिका ५ : प्रदेशको आवासीय इकाई र बसोबास प्रतिशत

| आवासीय इकाई | बसोबास प्रतिशत |
|---|---|
| आफ्नै स्वामित्व | ९७ |
| भाडामा | २ |
| सरकारी वा संस्थागत कार्यालय | १ |

मधेश प्रदेशमा ९७ प्रतिशत परिवारहरु आफ्नै स्वामित्व भएको आवासीय इकाईमा बसोबास गरिरहेका छन्। दुई प्रतिशत परिवारहरु भाडाका आवासीय ईकाइहरुमा बसोबास गरिरहेका छन् । करिब एक प्रतिशत परिवारको बसोबास सरकारी वा संस्थागत कार्यालय र अन्य प्रकारको आवासीय इकाईमा छ।

## ४. सार्वजनिक वित्त व्यवस्थापन

विगत ६-७ वर्षमा मधेश प्रदेशमा रहेका बैंक तथा वितीय संस्थाहरुको निक्षेप संकलन लगातार बृद्धि भएको छ। मधेश प्रदेशको व्यवस्थापन सँगै प्रदेशको राजश्व आम्दानीको अध्ययन गर्दा निरन्तर राजश्व आम्दानी बढिरहेको छ जुन प्रदेशको आत्मनिर्भरताको लागि सकारात्मक सङ्केत हो।

तालिका ६ : प्रदेशको क्षेत्रगत ग्राहस्थ उत्पादन

| क्षेत्र | प्रतिशत |
|---|---|
| सेवा | ५२.६१ |
| कृषि | ३६.७० |
| उद्योग | १०.७० |
| स्रोत : मधेश प्रदेशको आर्थिक वर्ष २०८२/८३को बजेट वक्तव्य | |

आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल ग्राहस्थ उत्पादनमध्ये मधेश प्रदेशको योगदान रू ८ खर्ब ४ अर्ब १५ करोड ३० लाख छ। जुन कुल ग्राहस्थ उत्पादनको १३.१६ प्रतिशत हो। प्रदेशको कुल ग्राहस्थ उत्पादनमा सबैभन्दा बढी योगदान सेवा क्षेत्रको छ। आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशको प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन ९३२ अमेरिकी डलर अनुमान गरिएको मा गत आर्थिक वर्षको तुलनामा बढी छ। आर्थिक वर्ष २०८१/८२मा मधेश प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औषत वृद्धिदर ४.६१ प्रतिशतभन्दा थोरै कम ४.५ छ। जुन आर्थिक वर्ष २०८०/८१ को तुलनामा ०.७४ प्रतिशतले बढी छ। प्रदेश सरकारले बजेट

अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना मार्फत अनुमानयोग्य बनाई हरेक वर्ष बजेट विनियोजन गर्दै आएको छ। मधेश प्रदेशमा विगत ७ वर्षको कुल बजेटको औषत ४३.५८ प्रतिशत चालु खर्च तथा ५६.४२ प्रतिशत पुँजीगत खर्चको लागि मधेश प्रदेशले विनियोजन गरेको छ।[५]

मधेश प्रदेशको बजेट विवरणलाई हेर्दा सात वर्षको अवधिमा कुल बजेट आकारमा क्रमशः वृद्धि देखिन्छ। २०७५/७६ मा जम्मा बजेट २६९७ करोड रहेकोमा २०८२/८३ मा बढेर ४६९८ करोड पुगेको छ। प्रारम्भिक वर्षहरूमा चालु र पुँजीगत खर्चको अनुपात करिब-करिब समान देखिन्छ, तर पछिल्ला वर्षहरूमा पुँजीगत बजेटमा उल्लेखनीय वृद्धि भएको छ। विशेषगरी २०८०/८१ पछि पुँजीगत बजेट २५५७ करोडबाट २०८२/८३ मा ३०२६ करोड पुग्नु प्रदेशले संरचना, भौतिक पूर्वाधार र दीर्घकालीन विकासमा जोड दिएको संकेत गर्दछ। चालु खर्च पनि स्थिर रूपमा बढिरहेको भए तापनि यसको वृद्धिदर पुँजीगत भन्दा कम छ, जसले बजेट संरचनामा सकारात्मक सन्तुलन ल्याउने सम्भावना देखाउँछ।

**तालिका ७ मधेश प्रदेशको बजेट विवरण (करोडमा)**

| आर्थिक वर्ष | चालु | पुँजीगत | कुल |
|---|---|---|---|
| २०७५/७६ | ११९२ | १७१५ | २६९७ |
| २०७६/७७ | २२१५ | २२२९ | ४४४४ |
| २०७७/७८ | १४५० | २०३६ | ३४८६ |
| २०७८/७९ | १४१३ | २०२५ | ३४३८ |
| २०७९/८० | १८५१ | २०३७ | ३८८८ |
| २०८०/८१ | १८८४ | २५५७ | ४४४१ |
| २०८१/८२ | १६५० | २७८९ | ४४३९ |
| २०८२/८३ | १६७२ | ३०२६ | ४६९८ |


**स्रोत : प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश जनकपुरधाम**

यसैबीच, बजेट आकारमा उतारचढाव पनि पाइन्छ। २०७८/७९ मा कुल बजेट ३४३८ करोडमा सीमित हुँदा त्यसपछि पुनः २०७९/८० मा ३८८८ करोड पुगेर विस्तार भएको छ। २०८१/८२ मा बजेट करिब स्थिर (४४३९ करोड) रहे पनि २०८२/८३ मा वृद्धि हुँदै ४६९८ करोड पुगेको छ। यसले मधेश प्रदेशको बजेटीय अभ्यास क्रमशः परिपक्व हुँदै गएको र चालु खर्चलाई नियन्त्रण गर्दै पुँजीगत खर्चतर्फ प्राथमिकता बढाइएको देखाउँछ। यस्तो बजेटीय प्रवृत्तिले दीर्घकालीन विकास कार्यक्रम, सेवा प्रवाहमा सुधार र उत्पादनमूलक क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्ने अपेक्षा गर्न सकिन्छ।

[५] आर्थिक वर्ष २०८२/८३को मधेश प्रदेशको बजेट वक्तव्य

नेपालको प्रचलित मुल्यमा कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान क्रमशः बढ्दो क्रममा छ । आर्थिक वर्ष २०७५/७६ मा मधेश प्रदेशको योगदान ५०,३५४ करोड रुपैयाँ थियो, जुन २०७६/७७ मा ६१,१६५ करोड, २०७७/७८ मा ७१,६२३ करोड, २०७८/७९ मा ६५,४३३ करोड, २०७९/८० मा १,०८,२६१ करोड पुगेर उल्लेख्य वृद्धि भएको छ । यस्तै, २०८०/८१ मा मधेश प्रदेशले १,४८,३७७ करोड रुपैयाँ योगदान पुऱ्याएको छ । यस अवधिमा नेपालको कुल गार्हस्थ्य उत्पादन ३८,५८५३ करोडबाट बढेर ५१,०८५५ करोड पुगेको छ । मधेश प्रदेशको योगदान राष्ट्रिय अर्थतन्त्रमा स्थिर मात्र नभई वृद्धिशील छ, विशेष गरी पछिल्ला दुई वर्षमा यसको योगदान दर उल्लेख्य रूपमा बढेको छ, जसले मधेश प्रदेशलाई राष्ट्रिय आर्थिक वृद्धिको महत्वपूर्ण आधार बनाएको छ ।

**चित्र २ नेपालको प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको योगदान (रु करोडमा)**




मधेश प्रदेशको वित्त व्यवस्थापनमा केही सुधारात्मक प्रयास भए पनि अझै धेरै सुधार आवश्यक छ । सङ्घीय सरकारसँगको वित्तीय निर्भरता घटाउँदै आन्तरिक स्रोत परिचालनमा जोड दिनु, पारदर्शी र प्रभावकारी बजेट कार्यान्वयन गर्नु, र विकास योजनाहरूमा जनसहभागिता बढाउनु नै मधेश प्रदेश सरकारका लागि वित्तीय स्थायित्वको आधार बन्न सक्छ ।

### ५. प्रदेश सभा

मधेश प्रदेशका जनताका प्रतिनिधिहरूले जनताको इच्छा, आकांक्षा प्रकट गर्ने र सोही बमोजिम प्रबन्ध गर्ने, गराउने कार्यका लागि भूमिका खेल्ने प्रदेश सभा जनउत्तरदायी सभा हो । नेपालको संविधानको धारा १७६ बमोजिम पहिलो हुने निर्वाचित र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट प्रदेश सभाको गठन हुने प्रावधान अनुसार संविधानको अनुसूची ४ बमोजिम उल्लेखित ८ जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) बाट पहिलो हुने निर्वाचनबाट निर्वाचित ६४ जना, समानुपातिकबाट ४३ जना गरी जम्मा १०७ जनाको मधेश प्रदेशसभा गठन भएको हो । प्रदेश सभाको पहिलो बैठक प्रदेश सभा सदस्यहरूमध्ये जेष्ठताका आधारमा माननीय लगनलाल चौधरीज्यूको अध्यक्षतामा २०७४ साल माघ २१ गते

संविधान प्रदत प्रदेशको एकल र साझा अधिकारहरुको अभ्यास गर्न दिने कुरामा संघको केन्द्रिकृत मानसिकताले संघियताको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन ।



सतिश कुमार सिंह
मुख्यमन्त्री, मधेश प्रदेश

बसेको थियो। मधेश प्रदेशको दोस्रो सभाका सभामुखमा माननीय राम चन्द्र मण्डल, उपसभामुखमा माननीय बबिता कुमारी राउत ईशर हुनु हुन्छ।

प्रदेश सभाको पहिलो अधिवेशनदेखि नवौं अधिवेशनसम्म २२८ बैठक सम्पन्न भएको छ। त्यसैगरी आ.व. २०७८/७९ सम्म ६२ विधेयक दर्ता भएकोमा ५५ विधेयक प्रमाणिकरण, एक विधेयक फिर्ता भएको र ६ विधेयक विचाराधीन रहेको थियो। त्यसैगरी आ.व. २०७९/८० मा ४७ बैठक बसी दर्ता भएको ९ विधेयकमा ३ विधेयक प्रमाणिकरण भएको छ। प्रदेशमा हालसम्म कुल ६२ विधेयकहरु (अनुसुची १) प्रमाणिकरण भएका छन्। प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ बमोजिम प्रदेश सभाले आफ्नो काम कारवाही व्यवस्थित गर्न ७ वटा विषयगत समिति गठन गरेको छ। प्रदेशमा विषयको जटिलता तथा आवश्यकता अनुसार विशेष समिति गठन गर्न सक्ने व्यवस्था पनि छ। आ.व. २०८०/८१ सम्म सभाले प्रदेश सरकारको ७ वटा नीति तथा कार्यक्रम र ७ वटा बजेट समेत पारित गरेको छ।

तालिका ८ : प्रदेशको समिति र कार्यक्षेत्र

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | सार्वजनिक लेखा समिति | १. सार्वजनिक लेखा सम्बन्धी |
| | | २. महालेखा परिक्षकको प्रतिवेदन |
| २ | प्रदेश मामिला समिति | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| | | २. आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | अर्थ तथा योजना समिति | १. आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति आयोग |
| ४ | विकास समिति | १. भौतिक पूर्वाधार तथा विकास मन्त्रालय |
| ५ | महिला बालबालिका तथा सामाजिक न्याय समिति | १. शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, जेष्ठ नागरिक र श्रम तथा रोजगार तथा समजिक विकास मन्त्रालय |
| ६ | प्राकृतिक श्रोत तथा वातावरण समिति | १. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वाणिज्य तथा आपुर्ति र विज्ञान |
| ७ | कृषि तथा भूमि व्यवस्थापन समिति | १. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| | | २. पशु, सुकुम्बासी तथा जग्गा व्यवस्थापन |
| | | ३. गुठी व्यवस्थापन |

**स्रोत : मधेश प्रदेश सभा**

मधेश प्रदेश सभाले सङ्घीय संरचनाको मर्म अनुसार कानूनी र नीतिगत आधार तयार गर्ने काममा महत्त्वपूर्ण प्रगति गरेको छ। मधेशको ऐतिहासिक पहिचान, सामाजिक समावेशीकरण र विकासका लागि भएका निर्णयहरू सङ्घीयताको सफल कार्यान्वयनको उदाहरण हो। तर आर्थिक निर्भरता, राजनीतिक अस्थिरता र प्रशासनिक कमजोरी जस्ता चुनौतिहरू समाधान गर्न निरन्तर सुधार आवश्यक छ। सङ्घीयता सफल बनाउन मधेश प्रदेश सभाले जिम्मेवार, पारदर्शी र समावेशी शासन प्रणालीलाई थप सुदृढ पार्नुपर्छ।

### ६. तहगत अन्तरसम्बन्ध

सङ्घ, प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तरसम्वन्ध) ऐन २०७७ को दफा २४(१)मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद्को गठन गरी बैठक वर्षको एक पटक बस्ने व्यवस्था छ। ऐन जारी भएपश्चात २०७६ पछि मधेश प्रदेश समन्वय परिषद्को बैठक २०८० मा मात्रै बसेको थियो। ऐनले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशको अर्थ वा आर्थिक मामिला र अन्तरिक मामिला सम्बन्धी मन्त्रीहरु, प्रमुख सचिव र प्रदेश भित्रका गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष, नगरपालिका प्रमुख वा उपप्रमुख, जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तिमा एक तिहाइ महिलासहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एक जनाको दरले मुख्यमन्त्रीले तोकेको व्यक्ति सदस्य रहने गरी परिषद्को गठन हुने व्यवस्था छ। समन्वय परिषद् क्रियाशील बनाई नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार क्षेत्रको प्रयोग लगायतका विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्नु पर्दछ।

**तालिका ९ : मधेश प्रदेशमा हाल सम्म प्रदेश समन्वय परिषदको बैठक**

| **पहिलो** | दोस्रो | तेस्रो | चौथो |
|---|---|---|---|
| **भदौ १९, २०७५** | जेठ १७, २०७६ | पुष २६-२७, २०७६ | साउन १९, २०८० |
| **स्रोत: गाउँ पालिका राष्ट्रिय महासङ्घ नेपाल,२०८१** | | | |

प्रदेश र स्थानीय सरकारसँग सह लगानीमा योजनाहरु कार्यान्वयन गर्न आवश्यक ऐन, नियम बनाउने तयारीमा छ । प्रदेश स्थानीय सेवा नियमावली, प्रदेश तथ्याङ्क ऐन, गाउँ सभा, नगर सभा, जिल्ला सभा सम्बन्धि ऐन, गुठी ऐन जस्ता महत्पूर्ण ऐन कानूनहरु निर्माण गर्ने तरखरमा छ । प्रदेश विकास समस्या समाधान समितिको क्रियाशीलतामा समस्या छ । मधेश प्रदेशमा सङ्घ, प्रदेश, र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउन कानुनी, संस्थागत, र प्रशासनिक सुधार आवश्यक छ। स्पष्ट अधिकार बाँडफाँट, प्रभावकारी समन्वय, र क्षमता विकासमार्फत मात्र सङ्घीयताको मर्म अनुसार समृद्धि हासिल गर्न सकिन्छ ।

## ७. प्रमुख चुनौतिहरु

नेपालको सङ्घीय संरचनामा मधेश विशेष महत्त्व राख्ने प्रदेश हो। सङ्घीयता लागू भएदेखि मधेश प्रदेशमा विभिन्न समस्या र चुनौतिहरू रहँदै आएको छ। ती समस्याहरूको समाधानबिना सङ्घीयताको पूर्ण सफल कार्यान्वयन कठिन छ।

### ७.१ प्रशासनिक चुनौति

**आवश्यक प्रादेशिक संरचना तथा दक्ष जनशक्तिको अभाव**

सङ्घ, प्रदेश र स्थानीय तहमा रहेको दोहोरो संरचना जुन प्रदेशमा हस्तान्तरण हुनुपर्ने तर अहिले सम्म हस्तान्तरण हुन नसकेको कारण  प्रदेशको औचित्यमा चुनौति सिर्जना गरेको छ। सङ्घीयता कार्यान्वयनका लागि आवश्यक प्रशासनिक संरचना तथा दक्ष जनशक्तिको अभाव छ। सङ्घबाट खटिने सचिव, प्रमुख सचिव प्रदेशमा आउँदाखेरी बाध्यताले आएको जस्तो गर्ने, मन्त्रालयमा नबस्ने, केन्द्रिकृत मानसिकताले कार्य गर्ने, सिर्जनशीलता र विज्ञताको प्रयोगै नगर्ने, काठमाडौंमै आधा समय बिताउने जस्ता कार्यशैलीले प्रदेश सरकारको कामकारवाही अपेक्षाकृत प्रभावकारी र नतिजामुखी हुन सकेको छैन।

**सांस्कृतिक र सामाजिक विविधता व्यवस्थापन**

जातीय, भाषिक तथा सामाजिक विविधताका कारण एकीकृत प्रशासनिक मोडेल लागू गर्न कठिनाइ छ। समुदायका विशेष आवश्यकताहरू सम्बोधन गर्न नीतिगत अस्पष्टता जस्ता चुनौति प्रदेशमा छन् ।

**सुरक्षा र कानून कार्यान्वयनका चुनौति**

प्रहरी प्रशासन सङ्घीय सरकारको मातहत भएको कारण प्रदेश सरकारलाई सुरक्षा संयन्त्रमा समन्वयको चुनौति भएको छ। सीमावर्ती क्षेत्रमा तस्करी, मानव ओसारपसार तथा अपराधिक गतिविधि बढेको छ।

**कानुनी र संवैधानिक चुनौति**

सङ्घीय कानुनहरू र प्रदेश स्तरमा आवश्यक ऐन तथा नियमहरूको अभाव छ। सङ्घ, प्रदेश, र स्थानीय सरकारबीच अधिकार क्षेत्रको अस्पष्टता एक ठूलो चुनौति हो । न्याय सम्पादन, सुरक्षा प्रशासन, र अन्य संवैधानिक निकायहरूबीच समन्वयको कमी छ ।

**७.२ वितीय चुनौति**

**सङ्घीय सरकारको अनुदानमा बढी नियन्त्रण**

सङ्घीय सरकारले प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान तथा वित्तीय स्रोतमा पूर्ण अधिकार राख्न खोज्दा वित्तीय स्वायत्तता कमजोर भएको छ। प्रदेश तथा स्थानीय तहलाई स्रोत परिचालन गर्न पर्याप्त अधिकार तथा मार्गदर्शन नदिँदा सङ्घीयताको प्रभावकारिता कम भएको छ।

**राजस्व बाँडफाँट र वित्तीय असमानता**

सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहमा जाने अनुदानको वितरण प्रणाली स्पष्ट नभएका कारण वित्तीय असमानता बढाएको छ।

**आय स्रोत पहिचान र परिचालनमा कठिनाइ**

सङ्घीयताको कार्यान्वयनसँगै नयाँ कर प्रणाली लागू भएको छ। प्रदेश र स्थानीय तहमा कर सङ्कलन गर्ने क्षमताको अभाव छ। नयाँ करको प्रभावकारी कार्यान्वयनका लागि नीति, संरचना र प्रविधिको विकास आवश्यक छ, जुन अझै कमजोर छ।

**वित्तीय अनुशासन र पारदर्शिताको अभाव**

खर्च व्यवस्थापनको लागि पर्याप्त योजना नभएकाले स्रोतको दुरुपयोग हुने सम्भावना बढाएको छ। वित्तीय अनुशासन कायम गर्न प्रभावकारी अनुगमन प्रणालीको विकास हुन नसक्दा भ्रष्टाचार, दोहोरो बजेट निकासा, र गैर-जिम्मेवार खर्च बढेको छ।

**७.३ राजनीतिक चुनौति**

**राजनीतिक अस्थिरता र सरकार सञ्चालन**

विभिन्न राजनीतिक दलहरूबीच सहकार्यको अभावले दीर्घकालीन स्थिरता कायम गर्न कठिनाइ भइरहेको छ। दलहरूबीचको असमझदारीले नीति निर्माणमा ढिलाइ तथा विकासका कार्यहरू प्रभावित भएका छन्।

**पहिचान र आत्मनिर्णयको मुद्दा**

मधेश प्रदेश विशेष गरी मधेशी समुदायको पहिचान, भाषा, संस्कृति,  प्रतिनिधित्व र आत्मनिर्णयको  मुद्दामा केन्द्रित छ। संविधान निर्माणका क्रममा उठाइएका मागहरू अझै पूर्ण रूपमा सम्बोधन नभएकाले सङ्घीयता कार्यान्वयनमा असन्तुष्टि थपिएको छ।

## ८. निश्कर्ष र सुझाव

### ८.१ निश्कर्ष

सङ्घीय शासन प्रणालीले मधेश प्रदेशलाई पहिचान, अधिकार र विकासका लागि नयाँ अवसर प्रदान गरकेको छ । २०७४ साल मंसिर महिनामा भएको प्रदेश सभाको निर्वाचन पश्चात् २०७४ माघ २१ गते प्रदेश सभाको पहिलो

बैठक बसेको थियो । प्रदेश सरकार (मन्त्रिपरिषद्) गठन भएसँगै प्रदेश संरचना कार्यान्वयनमा आएको हो । प्रदेश सरकार स्थापना भएदेखि २०८२ साल असार मसान्तसम्ममा कानुन निर्माण, संरचना निर्माण, पुर्वाधार निर्माण, सामाजिक विकासका क्षेत्रका साथै स्थानीय तहको समन्वय समेतका क्षेत्रमा प्रदेशले धेरै उपलब्धि हासिल गरेको छ । कानून निर्माणमा आवश्यक पर्ने कानून निर्माण तथा प्रत्यायोजित विधायनको प्रयोग गरी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू तयार गरी प्रदेशले आफ्नो शासन विकास र सेवा प्रवाहलाई व्यवस्थित गरेको छ । सुरुआतका वर्षमा सङ्घ सरकारबाट समायोजित भई आएका कर्मचारीले प्रदेशको प्रशासनिक क्षेत्र सम्हाले पनि प्रदेश लोकसेवा आयोगको गठन पश्चात् हाल प्रदेश तथा स्थानीय तहमा माग बमोजिम प्रदेश लोकसेवा आयोग मार्फत् कर्मचारीको पदपुर्ति हुने गरेको छ।

संविधानले प्रदान गरेको एकल अधिकारक्षेत्र तथा साझा अधिकारका क्षेत्रका विषयमा राजस्व परिचालन गरी आन्तरिक आयले आफ्नो प्रशासनिक खर्च धान्ने र सङ्घ अनुदानबाट विकासात्मक कार्य सञ्चालन गर्ने दिशामा प्रदेश सरकार प्रयत्नशील छ । प्रदेशले आन्तरिक स्रोत परिचालनको दायरा बढाउने प्रयास गर्दैछ। आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको आकार पनि क्रमश बढ्दै गइरहेको छ । प्रदेशले आर्थिक वर्ष २०८२/८३ मा ६४.४१ प्रतिशत पुँजीगततर्फ विनियोजन गरेको छ, जुन गत आर्थिक वर्षको तुलनामा करिब २ प्रतिशतले बढी छ । प्रदेश गत आर्थिक वर्षको तुलनमा आर्थिक वर्ष २०८२/८३ को लागि ६.१३ प्रतिशतले बजेट वृद्धि गरेको छ ।

स्थानीय सेवा ऐनको निर्माण, स्थानीय सरकारी सेवाका कर्मचारीको सरुवा, बढुवा आदिको व्यवस्थापन, स्थानीय तहलाई आवश्यक कानून निर्माण, कानूनी तथा प्रशासनिक जटिलतामा राय/परामर्श प्रदान जस्ता कार्यबाट प्रदेश सरकारले स्थानीय सरकारलाई अभिभावकत्व प्रदान गरेको छ।

पूर्वाधार विकासतर्फ प्रदेश सरकारले २०८१ साल फागुन मसान्तसम्ममा कूल १ हजार ४ सय ७७ कि.मि. सडक निर्माण गरेको छ । ती मध्ये सबैभन्दा बढी ग्राभेल सडक १ हजार ६२ किलोमिटर निर्माण गरेको छ । प्रदेशले ढलान र कालोपत्रे गरी ३ सय ९ किलोमिटर पक्की सडक निर्माण गरेको छ । मधेश प्रदेशमा आ.व. २०८०/८१ सम्म २ लाख ७३ हजार ४ सय १० हेक्टर क्षेत्रमा सिँचाई सेवा उपलब्ध छ । आर्थिक वर्ष २०८०/८१ सम्म मधेश प्रदेशमा कुल कृषि क्षेत्रको अनुपातमा सिँचाई क्षेत्र ५८.५२ प्रतिशत पुगेको छ । प्रदेशमा सिँचित क्षेत्रफल क्रमश वृद्धि हुँदै गएको छ । शिक्षा, स्वास्थ्य, लैङ्गिक विकास जस्ता सामाजिक विकासका क्षेत्रमा विषयगत रूपमा उल्लेखनीय कार्य गरेको छ।

मधेश प्रदेश सरकारले आफ्नो स्थापनाको सात वर्ष पुरा गर्दा संस्थागत संरचना, कानुन निर्माण तथा विकास निर्माणका सन्दर्भमा सकरात्मक उपलब्धि हासिल गरेको छ। तथापि, राजनीतिक अस्थिरता, आर्थिक स्रोतको अभाव र सामाजिक समस्याहरूले सङ्घीयताको पूर्ण सफल कार्यान्वयनमा अवरोध पुऱ्याइरहेका छन् । यी चुनौतिहरूको समाधान गर्दै अघि बढ्न सकेमा मधेश प्रदेश सङ्घीयताको आदर्श नमूना बन्न सक्छ । अहिले विकसित भइरहेको प्रदेशको शासन पद्दति केन्द्रकै कर्मचारीमुखी पद्दतिकै पुनरावृत्ति हो । त्यस्तै प्रदेशको राजनीतिक नेतृत्वमा केन्द्रकै सिको गरी औचित्यविनाका आयोग र निकायहरु निर्माण गर्ने र मिलेमतोमा विभिन्न सुविधाका निम्ति राज्यको दोहन गर्ने संस्कार यथावत छ । सेवाग्राहीप्रति जवाफदेही हुनुपर्ने प्रशासनिक संयन्त्रमा खासै परिवर्तनका लक्षणहरु, केही

अपवादवाहेक छैन। सङ्घीय एकाइहरूका बीच विवाद भए निरूपणलगायतका लागि अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद्, प्रदेश समन्वय परिषद्, विषयगत समितिलागतयका अन्तरतह समन्वयकारी संस्थाहरू छन्। सङ्घीयताको सबलीकरणका लागि यी संस्थाहरू निरन्तर क्रियाशील हुनु जरुरी छ। सङ्घीयताको सफल कार्यान्वयनका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र आपसी समझदारी हुनुपर्छ तर प्रदेश सरकारले कानूनी, प्रशासनिक, राजनैतिक र संस्थागत संरचनाहरूमा समस्या झेल्नु परिरहेको छ। गरिबी तथा विभेद निवारण गर्ने, सीमान्तकृत वर्गहरूलाई निर्णय प्रक्रियामा सहभगिता गर्ने कुरा, राज्यको पारदर्शीता, उत्तरदायित्व, सामाजिक, आर्थिक, राजनैतिक विभेद निवारणसँग सम्बन्धित छ। नेपालको संविधानले तोके बमोजिम प्रदेश सभाका सदस्यहरू प्रदेशका विभिन्न निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आउँदा यसले निर्वाचनमा प्रत्यक्ष र समानुपातिक समावेशी प्रतिनिधित्वको सिद्धान्त अनुरुप विविध क्षेत्र, जात, वर्ग र समुदायको समावेशिता सुनिश्चित गर्न मद्दत गरेको छ। प्रदेश सभाले जनताको आवश्यकतासँग प्रत्यक्ष सरोकार राख्ने नीतिहरू निर्माण गर्दा जनताको विश्वास बढ्न थालेको छ। फेरिएका सरकारका बदलिँदो नीति र फेरिने प्राथमिकताले विकासमा असर परेको छ। कानून निर्माणको सङ्ख्यालाई मात्र उपलब्धि मानियो तर प्रभावकारी कार्यान्वयन भएन। प्रदेशले आफ्नो कार्यक्षेत्रमा मात्र खर्च गर्नुपर्नेमा प्रदेशको खर्चमा तालमेल मिलेको छैन। अनावश्यक संरचना निर्माण गरी खर्च बढाएको छ। सङ्घ सरकारसँग अधिकार हस्तान्तरणमा बलियो सौदावाजी गर्न सकेको छैन। प्रादेशिक प्राथमिकता पनि यकिन गर्न सकेको छैन।

> नेपालमा संघीयताको सफलता र असफलता मधेश प्रदेशको सरकारको सफलता र असफलतासँग प्रत्यक्षरूपमा सम्बन्धित विषयवस्तु हुन् ।
>
> 
>
> मो. लालबाबु राउत गद्दी
> पूर्व मुख्यमन्त्री

**८.२ सुझावहरु**

मधेश प्रदेशलाई समृद्ध, सवल र दिगो बनाउन बहुआयामिक सुधार आवश्यक छ। यसका लागि केही महत्त्वपूर्ण सुझाव यस प्रकार छन्।

- प्रदेश सरकारले जनताको आवाजलाई सम्बोधन गर्दै उत्तरदायी प्रशासन प्रवर्द्धन गर्ने
- तीनै तहका सरकारले विगतका आफ्नै अनुभवबाट पाठ सिक्दै अघि बढ्ने। एकले अर्काबाट सिक्ने, नियन्त्रणमुखी शासन सञ्चालनबाट सहजीकरणमुखि शासन सञ्चालनतिर अघि बढ्ने, सुविधामुखी राजनैतिक र प्रशासनिक प्रणालीबाट सेवामुखी नेतृत्व प्रणालीतिर जाने।
- प्रदेशले सङ्घ तथा स्थानीय तहहरुसँग हातेमालो गरी राजनीतिक एवम् प्रशासनिक स्वाधिनता तथा स्वराज्य अधिकारलाई प्रवर्धन गर्ने।
- सङ्घीयता कार्यान्वयन गर्न प्रदेशले शिक्षित तथा दक्ष जनशक्तिको उत्पादनमा लगानी गरी सरकारी तथा प्रशासनिक पूर्वाधारको संस्थागत विकास गर्ने।
- प्रदेशमा सङ्घीयताको लाभाँश जनताले प्राप्त गर्न कठिनाइ भएकोले पुँजिगत खर्च बढाउने।
- सङ्घीय निकायसँग वार्ता, समन्वय गरी आफ्नो अधिकारको उच्चतम प्रयोग गर्ने।

- सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउने ।
- सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्वन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउने ।
- प्रदेशमा दरवन्दी अनुसार जनशक्ति पदपुर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउने ।
- विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ अनुसार सङ्घ प्रदेश, तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्ने कार्यक्रम सञ्चालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्ने । र, सङ्घीय सरकारबाट हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको उत्पादनमूलक बनाउने ।
- स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन पर्यटन, कृषि, साना तथा मझौला उद्योगलाई प्रोत्साहन गर्ने ।
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, र पर्यटन शुल्क जस्ता क्षेत्रमा राजस्वको दायरा बढाउने ।
- पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सार्वजनिक-निजी साझेदारी बढाउने ।
- प्रदेश समन्वय परिषद्ले रचनात्मक भूमिका निर्वाह गरी सङ्घ, प्रदेश, र स्थानीय तहबीच समन्वय बढाउने ।
- विभाज्य कोष स्वचालित प्रणालीबाट बाँडफाँट गर्ने व्यवस्था गर्ने ।
- बजेट विनियोजन दक्षतापूर्ण बनाउन आयोजना बैंक प्रणालीको पूर्ण कार्यान्वयन गर्ने ।
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गर्ने ।
- विद्युतीय प्रणालीको उपयोग बढाएर राजस्व सङ्कलन प्रभावकारी बनाउने ।
- कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट नदिने ।

**सन्दर्भ सामग्री**

अर्थ मन्त्रालय। (२०८१)। आर्थिक सर्वेक्षण, २०८१। नेपाल सरकार।

अर्थ मन्त्रालय। (२०८०)। प्रदेश आर्थिक सर्वेक्षण आ.व. २०७९/८०। जनकपुर : मधेश प्रदेश सरकार।

अर्थ मन्त्रालय। (२०८२)। प्रदेश आर्थिक सर्वेक्षण आ.व. २०८१/०८२। जनकपुर : मधेश प्रदेश सरकार।

केन्द्रीय तथ्याङ्क कार्यालय। (२०७८)। जनगणना प्रतिवेदन, २०७८। काठमाडौँ : नेपाल सरकार।

नेपाल सरकार। (२०७२)। नेपालको संविधान। नेपाल कानुन आयोग।

नेपाल राष्ट्र बैंक। (२०८१)। वार्षिक प्रतिवेदन, २०८१। काठमाडौँ : नेपाल राष्ट्र बैंक।

नेपाल सरकार। (२०८१)। प्रादेशिक कुल गार्हस्थ्य उत्पादन अनुमान। काठमाण्डौं : केन्द्रीय तथ्याङ्क कार्यालय।

प्रदेश नीति तथा योजना आयोग। (२०७६)। पहिलो पञ्चवर्षीय योजना (२०७५/७६-२०८०/८१)। जनकपुरधाम : मधेश प्रदेश सरकार।

प्रदेश नीति तथा योजना आयोग। (२०८१)। दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)। जनकपुरधाम : मधेश प्रदेश सरकार।

प्रदेश नीति तथा योजना आयोग। (२०८१)। पहिलो आवधिक योजनाको समिक्षा प्रतिवेदन। जनकपुरधाम : मधेश प्रदेश सरकार।

मधेश प्रदेश सरकार। (२०७८ )। मधेश प्रदेश सरकारको चार वर्षको प्रमुख उपलब्धि (२०७४-२०७८)। जनकपुरधाम : मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय।

महालेखा परीक्षकको कार्यालय। (२०८१)। महालेखा परीक्षकको प्रतिवेदन, २०८१। काठमाडौँ : नेपाल सरकार।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग। (२०७५)। जानकारी पुस्तिका, २०७५। काठमाडौँ : नेपाल सरकार।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। (२०२१)। मलेरिया माइक्रो-स्ट्राटिफिकेशन प्रतिवेदन, सन् २०२१। काठमाडौँ : नेपाल सरकार।

**अनुसूची १: प्रदेशमा हालसम्म प्रमाणित भएका विधेयकहरु**

| | |
|---|---|
| १ | प्रदेश सभा सचिवालय सम्बन्धि ऐन, २०७९ लाई सशोधन गर्न बनेको विधेयक |
| २ | स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ |
| ३ | मधेश प्रदेश सरकारको अर्थ सम्बन्धी विधेयक २०८१ |
| ४ | प्रदेश सरकारको विनियोजन सम्बन्धी विधेयक २०८१ |
| ५ | प्रदेश बालिका संरक्षण सम्बन्धी विधेयक २०८१ |
| ६ | प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ७ | मुख्यन्यायाधिवक्तको काम कर्तव्य अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ८ | प्रदेश नं. २ को विपद व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ |
| ९ | प्रदेश नं. २ को प्रशासकिय कार्यविधि नियमित गर्ने विधेयक, २०७५ |
| १० | प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ११ | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ |
| १२ | आर्थिक विधेयक, २०७६ |
| १३ | विनियोजन विधेयक, २०७६ |
| १४ | प्रदेश लोकसेवा आयोग ऐन, २०७६ |
| १५ | प्रादेशिक सडक निर्माण, संभार तथा बिस्तार गर्ने सम्बन्धमा ब्यबस्था गर्न बनेको बिधेयक, २०७६ |
| १६ | दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ |
| १७ | स्थानीय तहका पदाधिकारीहरुले पाउने सुबिधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| १८ | विनियोजन विधेयक, २०७७ |
| १९ | आर्थिक विधेयक, २०७७ |
| २० | प्रदेश एफ.एम. रेडियो तथा टेलिभिजन संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| २१ | गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| २२ | जनलोकपाल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| २३ | प्रदेश संचारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| २४ | प्रादेशिक विधुत सम्बन्धी विधेयक, २०७७ |
| २५ | गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| २६ | प्रदेश अनुसन्धान व्यूरो विधेयक, २०७७ |
| २७ | प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक, २०७७ |

| | |
|---|---|
| २८ | मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ |
| २९ | वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७७ |
| ३० | प्रदेश उद्योग व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| ३१ | बालवालिकाको हक-अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| ३२ | प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ |
| ३३ | प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७८ |
| ३४ | विनियोजन विधेयक, २०७८ |
| ३५ | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८ |
| ३६ | स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ |
| ३७ | जाँचवुझ आयोगको गठन तथा काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ |
| ३८ | प्रदेश कृषि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ |
| ३९ | प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ |
| ४० | मधेश प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक) |
| ४१ | आर्थिक वर्ष २०७९/८० को प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९ |
| ४२ | प्रदेश संचार सम्बन्धी ऐन २०७७ लाई संशाेधन गर्न बनेको विधेयक |
| ४३ | संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ४४ | खोप सेवा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ४५ | प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ४६ | कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ४७ | प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ४८ | प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ |
| ४९ | प्रदेश नं. २ को विनियोजन विधेयक, २०७५ |
| ५० | प्रदेशको सार्वजनिक लिखत प्रमाणिकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ५१ | प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ५२ | मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ५३ | प्रदेश विनियोजन विधेयक, २०७५ |
| ५४ | आर्थिक विधेयक, २०७५ |
| ५५ | प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन विधेयक, २०७५ |
| ५६ | प्रदेश नं. २ को स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ५७ | प्रदेश नं. २ को नीति आयोगको गठन तथा कार्य सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ५८ | प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ |

| | |
|---|---|
| ५९ | मधेश प्रदेश यातायात तथा सवारी व्यवस्था विधेयक, २०८१ |
| ६० | मधेशमा पर्यटनको विकास र प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ |
| ६१ | प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ |
| ६२ | प्रदेश बालअधिकार सम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक, २०८१ |

स्रोतः मधेश प्रदेश सरक ार (२०८२), प्रदेश प्रमुखको कार्यालय, जनकपुरधाम

## अनुसूची २: मधेश प्रदेश दोस्रो प्रदेश सभा(हाल)को सदस्यहरुको नामावली

| सि.नं. | नाम | फोन नं. | दलको नाम | जिल्ला | नि.क्षे. |
|---|---|---|---|---|---|
| १ | मा. अंजना पंडित | ९८४४३११४७८ | नेपाली काँग्रेस | धनुषा | |
| २ | मा. अनिता कुमारी शाह | ९८१४८५०६८२ | जनमत पार्टी | महोत्तरी | |
| ३ | मा. अनिरुद्ध कुमार सिंह | ९८०७७१०५४४ | जनता समाजवादी पार्टी, नेपाल | सप्तरी | (४)२ |
| ४ | मा. अभिराम शर्मा | ९८५४०३०४४३ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | महोत्तरी | (3)१ |
| ५ | मा. ईन्दु कुमारी साह | ९८४५६४७३३३ | नेपाली काँग्रेस | रौतहट | |
| ६ | मा. उपेन्द्र महतो | ९८५१११०७३० | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | सर्लाही | (१)१ |
| ७ | मा. उर्मिला देवी सिंह | ९८२४८४४७३३ | नागरिक उन्मुक्ति पार्टी | सर्लाही | |
| ८ | मा. कंचन विच्छा | ९८४४०५६२५८ | राष्ट्रीय प्रजातन्त्र पार्टी | सिरहा | |
| ९ | मा. कनिश पटेल | ९८५११७९७७५ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | रौतहट | (2)२ |
| १० | मा. किरण कुमारी | ९८४१६२७६३१ | जनता समाजवादी पार्टी, नेपाल | सप्तरी | |
| ११ | मा. किशोरी देवी | ९८४५४७६७३८ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | रौतहट | |
| १२ | मा. कुमर कान्त झा | ९८५४०२७१०८ | नेपाली काँग्रेस | धनुषा | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | मा. कृष्ण प्रसाद यादव | ९८५१०८६८३५ | नेपाली काँग्रेस | रौतहट | (1)२ |
| १४ | मा. केशव राय | ९८५११५५४४२ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | रौतहट | (3)१ |
| १५ | मा. कौशल किशोर राय | ९८५४०३६६०८ | नेपाली काँग्रेस | सर्लाही | (2)२ |
| १६ | मा. गोविन्द वाहादुर न्यौपाने | ९८४२८२२९०९ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | सप्तरी | (४)१ |
| १७ | मा. चन्दन कुमार सिंह | ९८५१०७२५४० | जनमत पार्टी | महोत्तरी | |
| १८ | मा. जंगीलाल राय | ९८४४०३२४९४ | नेपाली काँग्रेस | सर्लाही | (२)१ |
| १९ | मा. जनार्दन सिंह क्षेत्री | ९८५५०२१६४४ | नेपाली काँग्रेस | पर्सा | (3)2 |
| २० | मा. जय चन्द्र प्रसाद पटेल | ९८५५०४०४३५ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | रौतहट | |
| २१ | मा. जयनुल राईन | ९८५१०३५७१० | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | महोत्तरी | (२)१ |
| २२ | मा. जवाहर लाल कुशवाहा | ९८५४०२५६४२ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | सर्लाही | (3)१ |
| २३ | मा. जितेन्द्र प्रसाद सोनार | ९८४५०२४५४२ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | बारा | (४)२ |
| २४ | मा. जीवछी कुमारी यादव | ९८४२८०७५७१ | नेपाली काँग्रेस | सिरहा | |
| २५ | मा. जैनव खातुन | ९८११११९७२८ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | रौतहट | |
| २६ | मा. त्रिभुवन साह | ९८५२८४५७७७ | जनमत पार्टी | सिरहा | (४)१ |
| २७ | मा. त्रिलोकी प्रसाद | ९८५५०४५४१७ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | बारा | (१)१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | मा. दिपेन्द्र कुमार ठाकुर | ९८५४०२१२०६ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | (3)2 |
| २९ | मा. देवनारायण थारु | ९८५५०२४५३४ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | बारा | (४)१ |
| ३० | मा. नागेन्द्र साह | ९८५५०४०७०९ | नेपाली काँग्रेस | रौतहट | (१)१ |
| ३१ | मा. निलम कुमारी रजक | ९८४२८३०४८५ | नेपाली काँग्रेस | सप्तरी | |
| ३२ | मा. नुरुन नेसा | ९८४४०३०३१९ | नेपाली काँग्रेस | महोत्तरी | |
| ३३ | मा. पलटी देवी महरा | ९८४४०२४७०६ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | |
| ३४ | मा. पल्टी देवी यादव | ९८१९८९८२५६ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | |
| ३५ | मा. प्रमोद कुमार जयसवाल | ९८५५०३८३५१ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | पर्सा | (3)१ |
| ३६ | मा. प्रमोद कुमार यादव | ९८५२८३२६५६ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | सिरहा | (3)2 |
| ३७ | मा. फकिरा महतो | ९८५४०३५४०४ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | सर्लाही | (४)२ |
| ३८ | मा. फुलो कुमारी देवी | ९८१५८९९६४७ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | |
| ३९ | मा. बच्चा राउत अहिर | ९८४५८०८२७३ | जनता समाजवादी पार्टी, नेपाल | बारा | (2)२ |
| ४० | मा. बबिता कुमारी राउत ईशर | ९८०३०८५२९७ | जनमत पार्टी | सप्तरी | |
| ४१ | मा. बसन्त कुमार कुशवाहा | ९८०११२२५५५ | जनमत पार्टी | रौतहट | |
| ४२ | मा. बिमला अंसारी तरन्नुम | ९८६२४४५८७७ | नेपाल सङ्घीय समाजवादी पार्टी | सर्लाही | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | मा. भरत प्रसाद शाह | ९८५११५०५५५ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | महोत्तरी | (1)२ |
| ४४ | मा. भाग्यश्री कुमारी चौधरी | ९८१७७७५३५७ | जनमत पार्टी | सिरहा | |
| ४५ | मा. मंजु कुमारी थापा मगर | ९८४५०२०८८७ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | बारा | |
| ४६ | मा. मनिष कुमार सुमन | ९८५११७४१४९ | जनता समाजवादी पार्टी, नेपाल | सप्तरी | |
| ४७ | मा. मनोज कुमार सिंह | ९८५२८३४१७७ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | सिरहा | (3)१ |
| ४८ | मा. ममता देवी मण्डल | ९८१९८३७१६१ | जनता समाजवादी पार्टी, नेपाल | धनुषा | |
| ४९ | मा. महम्मद समिर | ९८४५०६१३७१ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | बारा | (3)2 |
| ५० | मा. महेश प्रसाद यादव | ९८५२८२०४६० | जनमत पार्टी | सप्तरी | (2)२ |
| ५१ | मा. माला कुमारी कर्ण | ९८४२८५२२८८ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | सप्तरी | |
| ५२ | मा. मिना कुमारी लामा | ९८५५०४४५९९ | नेपाली काँग्रेस | बारा | |
| ५३ | मा. मो. रजी हैदर | ९८०७६३००५८ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | महोत्तरी | |
| ५४ | मा. मोहम्मद जैद आलम | ९८४५१८८००६ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | रौतहट | (२)१ |
| ५५ | मा. मोहम्मद समिम | ९८५१०८३३६० | नेपाली काँग्रेस | सप्तरी | (3)१ |
| ५६ | मा. युवराज भट्टराई | ९८५५०६७८९५ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | रौतहट | (४)१ |
| ५७ | मा. रंजु कुमारी मंडल खंग | ९८२४७६४२४१ | जनमत पार्टी | सप्तरी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | मा. रत्नेश्वर गोइत यादव | ९८५४०२६१२९ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | धनुषा | |
| ५९ | मा. रबिन्द्र दास श्रेष्ठ | ९८५१२४४६७५ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | बारा | (3)१ |
| ६० | मा. रमिता प्रधान | ९८४४०२०६८३ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | महोत्तरी | |
| ६१ | मा. रमेश प्रसाद कुर्मी | ९८४५०२०५५५ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | पर्सा | (2)२ |
| ६२ | मा. रहवर अंसारी | ९८५१२१७०७० | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | पर्सा | (१)१ |
| ६३ | मा. राज कुमार गुप्ता | ९८०१५३३३०६ | जनता समाजवादी पार्टी, नेपाल | सिरहा | (1)२ |
| ६४ | मा. राज कुमार लेखी | ९८५१२१८६१८ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | सप्तरी | (१)१ |
| ६५ | मा. राजपति देवी जैसवाल | ९८४५१२९९२२ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | बारा | |
| ६६ | मा. राजेन्द्र प्रसाद चौधरी थारु | ९८४२८२६९८५ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | सिरहा | (१)१ |
| ६७ | मा. रानी कुमारी तिवारी | ९८४१२७९८१४ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | महोत्तरी | (3)2 |
| ६८ | मा. राम अशिष यादव | ९८५४०२२०५९ | जनता समाजवादी पार्टी, नेपाल | धनुषा | (2)२ |
| ६९ | मा. राम वावु यादव | ९८१४७९२६७५ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | सिरहा | (४)२ |
| ७० | मा. रामचन्द्र मण्डल | ९८५४०२५५४५ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | (1)२ |
| ७१ | मा. रामसरोज यादव | ९८५४०२०९३९ | नेपाली काँग्रेस | धनुषा | (3)१ |
| ७२ | मा. रुपा कुमारी यादव | ९८४४०३१६५६ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | महोत्तरी | |
| ७३ | मा. रेखा ठाकुर | ९८१२०८४२५४ | नेपाली काँग्रेस | महोत्तरी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४ | मा. लक्ष्मी देवी | ९८४५२६६०७१ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | बारा | |
| ७५ | मा. लखन दास तत्मा | ९८६७६९४१०२ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | (२)१ |
| ७६ | मा. ललिता दास | ९८०५९२३७८८ | जनता समाजवादी पार्टी, नेपाल | सिरहा | |
| ७७ | मा. लाल वावु राउत | ९८४५०३३३२६ | जनता समाजवादी पार्टी, नेपाल | पर्सा | (1)२ |
| ७८ | मा. विना देवी शर्मा | ९८४५२५००७५ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | पर्सा | |
| ७९ | मा. विरेन्द्र प्रसाद सिंह | ९८५४०२०१५५ | नेपाली काँग्रेस | सर्लाही | (४)१ |
| ८० | मा. वेची लुङ्गेली | ९८५४०३७२३८ | नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजबादी ) | सर्लाही | (1)२ |
| ८१ | मा. शंकर प्रसाद चौधरी | ९८५५०३५०७५ | नेपाली काँग्रेस | पर्सा | (४)१ |
| ८२ | मा. शकुन्ती देवी | ९८१७८४०७४८ | नेपाली काँग्रेस | सर्लाही | |
| ८३ | मा. शत्रुधन प्रसाद सिंह | ९८५१०६४४२२ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | सिरहा | (2)२ |
| ८४ | मा. शम्भु कुमार साह | ९८२३०४४१७५ | जनमत पार्टी | सप्तरी | (3)2 |
| ८५ | मा. शहिदा खातुन | ९८१९७८४८८१ | जनता समाजवादी पार्टी, नेपाल | सिरहा | |
| ८६ | मा. शारदा दास ( पहाडी ) | ९८४४५८९५९३ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | धनुषा | |
| ८७ | मा. शारदा देवी थापा | ९८४४३८०६९९ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | महोत्तरी | (१)१ |
| ८८ | मा. शेख अबुलकलाम आजाद | ९८५५०७५४१५ | जनता समाजवादी पार्टी, नेपाल | रौतहट | (४)२ |
| ८९ | मा. शेष नारायण यादव | ९८५४०२१४७२ | नेपाली काँग्रेस | धनुषा | (४)१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९० | मा. शोभा देवी | ९८४५२५५५५९ | जनता समाजवादी पार्टी, नेपाल | रौतहट | |
| ९१ | मा. श्याम प्रसाल पटेल | ९८५५०२८१८२ | नेपाली काँग्रेस | पर्सा | (२)१ |
| ९२ | मा. संजय कुमार महतो | ९८०७६०४८३८ | नेपाली काँग्रेस | धनुषा | (१)१ |
| ९३ | मा. संजय कुमार यादव (सर्लाही) | ९८५११६३२१० | जनता समाजवादी पार्टी, नेपाल | सर्लाही | (3)2 |
| ९४ | मा. संजय कुमार यादव (सिरहा) | ९८०७७५३७७ | जनमत पार्टी | सिरहा | (२)१ |
| ९५ | मा. सकिल मियाँ | ९८०७७३१४२६ | जनमत पार्टी | सप्तरी | (1)२ |
| ९६ | मा. सतिश कुमार सिंह | ९८५२८२०८४५ | जनमत पार्टी | सप्तरी | (२)१ |
| ९७ | मा. सरोज कुमार यादव ( बारा ) | ९८५११०८६८६ | जनता समाजवादी पार्टी, नेपाल | बारा | (1)२ |
| ९८ | मा. सरोज कुमार यादव (महोत्तरी) | ९८५४०२९९५१ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | महोत्तरी | (४)१ |
| ९९ | मा. सरोज कुमार सिंह | ९८५४०३१५१२ | जनता समाजवादी पार्टी, नेपाल | महोत्तरी | (४)२ |
| १०० | मा. सारदा संकर प्रसाद कलवार | ९८४५१२९६७० | जनता समाजवादी पार्टी, नेपाल | बारा | (२)१ |
| १०१ | मा. सिंगासन सा कलवार | ९८५५०२३३८७ | जनता समाजवादी पार्टी, नेपाल | पर्सा | (४)२ |
| १०२ | मा. सुनिता यादव | ९८४११८५२२२ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र ) | धनुषा | |
| १०३ | मा. सुनिल कुमार यादव | ९८५१०४७२१२ | नेपाली काँग्रेस | रौतहट | (3)2 |
| १०४ | मा. सुरिता कुमारी साह | ९८५४०२३४१४ | जनता समाजवादी पार्टी, नेपाल | महोत्तरी | (2)२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०५ | मा. हरि नारायण महतो | ९८५४०२२५३५ | नेपाल कम्युनिष्ट पार्टी ( एमाले ) | धनुषा | (४)२ |
| १०६ | मा. हसिना खातुन | ९८००८३३७८६ | जनमत पार्टी | सर्लाही | |
| १०७ | मा. संजिला कुमारी यादव | ९८४२८४६३३३ | जनता समाजवादी पार्टी, नेपाल | सिरहा | |